CC-0. In Public Domain. Digitization by eGangotri



श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव

स्मारिका

२०५३

महेन्द्र-संस्कृत-विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव स्मारिका

२०५३

स्मारिका प्रकाशन उपसमिति

परीक्षानियन्त्रक सहप्रा. श्री स्थानेश्वर गौतम	संयोजक
सहप्रा. डा. दुर्गादत्त शर्मा उपाध्याय	सदस्य
सहप्रा. श्री ठाकुरप्रसाद आचार्य	सदस्य
उपप्रा. श्री देवमणि भट्टराई	सदस्य
उपप्रशासक श्री दिलीप भट्टराई	सदस्य
उपप्रशासक श्री गंगामणि शर्मा मजगैंया	सदस्यसचिव

प्रकाशक

महेन्द्र-संस्कृत-विश्वविद्यालय

बेलझुण्डी, दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक -

महेन्द्र-संस्कृत-विश्वविद्यालय
बेलझुण्डी, दाङ, नेपाल ।

एघारौं विश्वविद्यालय जयन्ती, २०५४

प्रकाशित प्रति : १०००

मूल्य : रु.

कम्प्युटर-
स्क्रिप्टप्रो सर्भिस
बागबजार, काठमाडौं, फोन नं. २५२९५९

मुद्रक- नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि.
फोन नं. ४२७४५६, ४१७६७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. ३१२३ R

कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार
तथा
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मौसूफको गद्दीआरोहण रजत महोत्सवको सुखद उपलक्ष्यमा देशवासीका तर्फबाट अभिनन्दन चढाउँन आयोजित समारोहलाई सम्बोधन गरिबक्सदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मौसूफको गद्दीआरोहणको रजत महोत्सवको सुखद उपलक्ष्यमा देशवासीका तर्फबाट अभिनन्दन चढाउँन आयोजित समारोहमा बक्सेको सम्बोधन भाषण

प्यारा देशवासीहरू,

१. हामीवाट नेपाल अधिराज्यको गद्दीआरोहण गरिबक्सेको पच्चीस वर्ष पूरा भएको उपलक्ष्यमा आयोजित यस समारोहमा सरिक हुन पाउँदा हामीलाई खुशी लागेको छ । प्यारा देशवासीका तर्फवाट हाम्रा प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा भरखरै व्यक्त गरिएका भावना र अभिवादनलाई राजसंस्थाप्रति समस्त नेपालीको सद्भावको अभिव्यक्तिको रूपमा हामीले लिएका छौं ।

२. विभिन्न भौगोलिक बनोट, जातजाति, धर्म, सम्प्रदाय, मत र विचारलाई एक सूत्रमा आवद्ध गरी हाम्रा पूर्वज श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहवाट साझा फूलवारीको रूपमा नेपाल राष्ट्रको निर्माण भएदेखि राजसंस्था राष्ट्रिय एकताको प्रतीक रहँदै आएको छ । मुलुकको पृष्ठभूमि, परिवेश र परम्पराले नेपाली जनता र राजसंस्थावीच अन्योन्याश्रित सम्वन्ध गाँसेको छ । जनताको इच्छा, आकांक्षा र सम्मतिलाई सदैव कदर गर्ने संस्कार र परम्परावाट नेपालको राजसिंहासन सदा निर्देशित छ ।

३. विगत २५ वर्षको अवधिमा देशको राजनैतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा के कस्ता अभ्यासहरू भए सबैका सामु स्पष्ट छ । देशको स्वतन्त्रता, प्रतिष्ठा तथा देशवासीको सुख र उन्नतिलाई हामीले सधैं सर्वोपरि ठान्दै आएका छौं । नेपालको सर्वाङ्गीण विकास नेपालीको सामूहिक अठोटबाट मात्र सम्भव हुने भएकोले यसलाई राष्ट्रिय लक्ष्य मानी राष्ट्रिय सहमतिका साथ आज अगाडि बढ्नु परेको छ । यस लक्ष्य प्राप्तिका लागि एकातिर स्रोत, साधन र अनुशासित एवं लगनशील सीपयुक्त जनशक्तिको खाँचो पर्दछ भने अर्कोतिर शान्ति, स्थिरता र प्रजातान्त्रिक वातावरण पनि उत्तिकै आवश्यक हुन जान्छ ।

४. विकासमा जोड दिई अघि बढिरहेको वर्तमान विश्वमा हामी अलग्गिएर रहन सक्दैनौं । नेपालको सन्दर्भमा खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत आवश्यकताहरूको परिपूर्तिले नै नेपालीलाई मानवोचित जीवनयापन गर्न सघाउ पुऱ्याउनेछ । साथै अपार जलशक्ति र पर्यटन विकासका प्रशस्त सम्भावना जस्ता मुलुकमा विद्यमान स्रोत र साधनलाई नेपाल र नेपालीको हितमा परिचालन गरी मुलुकलाई क्रमिक रूपमा समुन्नति दिशातर्फ अगाडि बढाउनु परेको छ । शान्ति, सुरक्षा, स्थिरता र विकास चाहना राखेर मात्र प्राप्त हुने कुरा होइन, यी कुराहरूलाई प्राप्त गर्ने र संरक्षण गर्ने क्षमता हामीमा हुनु जरुरी छ भन्ने कुरा पनि विर्सन सकिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार नारायणहिटी राजदरबारमा आयोजित विशेष समारोहमा अनन्तश्रीविभूषित काञ्चीकामकोटी पीठाधीश्वर जगद्गुरु शङ्कराचार्य श्रीजयेन्द्र सरस्वतीस्वामी एवं वहाँका उत्तराधिकारी श्रीशङ्कर विजयेन्द्र सरस्वती स्वामीज्यूहरूबाट अभिषेक ग्रहण गरिबक्सदै । साथमा श्री ५ युवराजाधिराज सरकार होइबक्सन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC0. Public Domain. Digitization by eGangotri

श्रीचन्द्रमौलीश्वरः

स्वस्तिश्रीमदाद्यशङ्करभगवत्पादाचार्याधिष्ठितं श्रीकाञ्चीकामकोटिपीठमलङ्कुर्वाणानां जगद्गुरूणां श्रीमज्जयेन्द्रसरस्वतीश्रीपादान्तेवासिवर्यश्रीमच्छङ्करविजयेन्द्रसरस्वती श्रीपादानां नेपालमहाराजाधिराजश्री५वीरेन्द्रवीरविक्रमशाहदेवेभ्यः सिंहासनारोहणरजतमहोत्सवोपलक्ष्ये शुभाशीर्वचनम् ॥

आर्षप्रत्नसनातनश्रुतिपथे श्रद्धालुभिः सज्जनैः
सेव्या गुह्यमहेश्वरीपशुपतीशाभ्यां सदा रक्षिता ।
शालग्रामदगण्डकीपरिवृता कैलासकूटान्विता
सद्धर्माश्रयभूमिरत्नमकुटी नेपालभू राजते ॥

तस्मिन् भारवि-कालिदास-सुरुचि-श्रीहर्ष-मुख्यैः कवि-
प्रौढैः प्रस्तुतनैजवैभवकथे हिन्द्वेकराष्ट्रोत्तमे ।
नेपालक्षितिपालवंशसुयशोविस्तारिवीरोत्तम-
आस्ते विक्रमशाहदेवनृपतिर्वीरेन्द्रवीराभिधः ।
ऐश्वर्याधिकराज्यलक्ष्मिदयितो राज्यार्हदीपेन्द्रसूः
श्रुत्या नीरजयुक्तयाऽऽत्मजधनो राजाधिराजो महान् ॥

पञ्चाशत्प्रवयाः प्रशास्य वसुधां संवत्सराणामयं
विंशत्युत्तरपञ्चकं हि भजते प्रीतिं जनानां पराम् ।
तत्रायान्तु महोत्सवे गुरुवराः श्रीकामकोटीश्वरा-
इत्यत्यादरभक्तिपूर्वकमिमे ह्यामन्त्रिता भूभृता ॥

क्षेत्रे नीलगले यदाऽऽद्यभगवत्पादास्तु नेपालके
लिङ्गं तद्वरनामकं न्यधुरतः सम्बन्ध एष क्रमात् ।
दार्ढ्यं गच्छतु कामकोटिमठनेपालावनीपालयो-
रित्यादृत्य समागता गुरुवरा अस्मिन् महत्युत्सवे ॥

वीरेन्द्रो विजयेत-वत्सरशतं राज्यं प्रशिष्याज्जना
अस्मिन् राजनि शान्तिसन्ततिसमृद्धाः सन्तु ता निर्भयाः ।
आर्षो धर्म इतः सुवृद्धिमवताच्छ्रद्धा जनानां भवे-
दित्याशीर्वचनानि नः प्रतिदिनं नारायणः स्मर्यताम् ॥

विरोधिनामसंवत्सरः २०५३।१२।२८
काष्ठमण्डपः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

॥ श्री शंकराचार्य्यो विजयते ॥

श्रीमन्महाराजाधिराजश्री५वीरेन्द्रवीरविक्रमशाहदेवानां हिन्दूसम्राजां
जन्मनः पञ्चाशत्तमे वत्सरे स्वर्णजन्मोत्सवानन्तरं मंगलवर्षे
सिंहासनारोहणरजतमहोत्सवपर्वणि शुभावसरे
अनन्तश्रीविभूषितकाञ्चीकामकोटी-
पीठाधीश्वरश्रीशङ्कराचार्य्य-
श्रीजयेन्द्रसरस्वती-
भगवत्पादैरेवं तदुत्तराधिकारिश्रीशङ्कराचार्यश्रीशङ्करविजयेन्द्रसरस्वती-
भगवत्पादैश्च प्रत्ता आशिषः ।

राज्यारोहणरजतमहोत्सवसुपर्वणि ।
काञ्चीकामकोटिपीठे, समासीनो जगद्गुरुः ॥
प्रददात्याशिषो राज्ञे, श्री जयेन्द्र-सरस्वती ।
लोकस्य कुरु कल्याणं, सत्यं भवतु मे वचः ॥
महाधिराजराजेन्द्रो, वीरेन्द्रो वीरविक्रमः ।
नीतिज्ञो देशकालज्ञः, सत्यधर्मपरायणः ॥
रक्षको जीवलोकस्य, धर्मज्ञो धर्मरक्षकः ।
रक्षको वेदविप्राणां, चातुर्वर्ण्यस्य रक्षकः ॥
यशस्वी सर्व्वदेशेषु, मनस्वी मतिमान्महान् ।
पुण्यकीर्त्तिमयो भूयाद्, भूतले च हिमालये ॥
श्री ऐश्वर्य्यमयी देवी, कुशला कर्म्मसाक्षिणी ।
वामाङ्के यस्य सम्राज्ञी, महालक्ष्मीर्विराजते ॥
नीरजः फुल्लपद्माक्षो, दीपेन्द्रो दीप्तभानुमान् ।
श्रुतिर्मधुरवाक् सर्वमाशीर्भिः शुभमस्तु वः ॥

चैत्र शु. ४, वि. सं. २०५३
काष्ठमण्डपः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं, नेपाल

२०५४।३।१

प्रधानमन्त्री

शुभकामना

श्री माधवराज गौतम
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सव वर्षको उपलक्ष्यमा महेन्द्र संस्कृत विश्वविद्यालयद्वारा वर्ष भरि आयोजित विभिन्न कार्यक्रमहरुको विवरण एवं राजसंस्थाको महत्ता र विशेषता वोध गराउने रचनाहरु समेत समावेश गरी एक स्मारिका प्रकाशित गर्न लागेकोमा शुभकामना व्यक्त गर्दछु ।

(लोकेन्द्र बहादुर चन्द)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ को सरकार

मा. बामदेब गौतम
उप-प्रधानमन्त्री
तथा
गृहमन्त्री

फोन: कार्यालय { २२६८७९ / २२४४४६
निवास ५२३५४२
फ्याक्स : २२७९८१

मिति........................
२०५४/०२/३१

च. नं. २४६/०५३/०५४

विषय:– शुभकामना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्धी आरोहण रजत महोत्सवको उपलक्ष्यमा महेन्द्र संस्कृत विश्वविद्यालयले राजसंस्थाको महत्ता र विशेषता वोध गराउने रचनाहरु समावेश भएको स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई ज्यादै खुसी लागेको छ।

स्मारिका श्री विभूषित जगदगुरु शंकराचार्य जयेन्द्र सरस्वतीज्यू तथा उहांका उत्तराधिकारी श्री शंकर विजयेन्द्र सरस्वतीज्यूको नेपालको धार्मिक यात्राको पावन स्मृतिमा हुने भएकोले यस प्रकाशनले हामीहरु बीच धार्मिक सद्भावना र नैतिकता अभिवृद्धि गर्नमा सघाउ पुग्ने विश्वास लिएको छु।

(बामदेव गौतम)
उप-प्रधानमन्त्री तथा गृहमन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवीप्रसाद ओझा
शिक्षा मन्त्री
निजी सचिवालय
केशरमहल, कान्तिपथ
काठमाडौं, नेपाल ।
पत्र संख्या :

फोन कार्यालय { ४-११४९९ / ४-१४६९०

मिति. २०५४।२।३१.

श्री ५ को सरकार
२०५२

विषय :– शुभ–कामना ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवका अवसरमा महेन्द्र संस्कृत विश्वविद्यालयले वर्षभरी भए गरेका कार्यक्रमहरूलाई समावेश गरी "स्मारिका" प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

यसमा समाविष्ट कार्यक्रमहरूले पूर्वीय एवं पाश्चात्य जगतमा राजा र राजसंस्थाको महत्वका बारेमा सर्वसाधारणलाई बोध गराउनुका साथै प्रकाशित लेख रचनाहरूले नवप्रतिभाहरूलाई नयां नयां कार्यहरू गर्न अझ प्रोत्साहन मिल्नेछ भन्ने आशा लिएको छु ।

(देवी प्रसाद ओझा)
शिक्षा मन्त्री
एवं
सह–कुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उप-कुलपतिको कार्यालय

OFFICE OF THE VICE CHANCELLOR

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङ्ग

Mahendra Sanskrit University
Central Office Beljhundi, Dang

शुभ-कामना

श्री ५ महाराजाधिराज सरकारबाट गद्दीआरोहण गरिबक्सेको २५ औं वर्ष २०५३ लाई रजत-महोत्सवका रूपमा वैदिक विधिविधानपूर्वक विशेष समारोहहरूको आयोजना गरी विश्वविद्यालय र अन्तर्गतका विद्यापीठहरूमा गरिएका कार्यक्रमहरूलाई समावेश गरी "श्री ५ वीरेन्द्र गद्दी आरोहण रजत महोत्सव स्मारिका २०५३" प्रकाशित हुन लागेकोमा सर्वप्रथम श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारहरूका जुनाफमा सुस्वास्थ्य, दीर्घायुष्य, समृद्धि र सुखमय दाम्पत्यजीवनका लागि सभक्ति मङ्गलमय हार्दिक शुभ-कामना समर्पण गर्दै नेपालको एकता र अखण्डताका प्रतीक सरकारको सुशासन चिरकालपर्यन्त प्राप्त भइरहोस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु ।

"राजा प्रकृतिरञ्जनात्" भन्ने आदर्शबाट परिपुष्ट राजसंस्था र नेपाली जनताको भावनात्मक ऐक्यबद्धता नै हाम्रो राष्ट्रिय अखण्डता, राजनैतिक परिवर्तन तथा सर्वतोमुखी विकासमा अग्रणी रहेको तथ्य नेपाल र नेपालीको गौरवमय इतिहासमा स्वर्णाक्षरले अंकित छ । राष्ट्रिय एकता, अखण्डता एवं नेपाली जनताको सुख समृद्धि र चाहनालाई सर्वोपरि मानिबक्सने श्री ५ महाराजाधिराज सरकारबाट गद्दीआरोहण गरिबक्सेदेखि नै देशको चौतर्फी विकासमा गम्भीर चासो लिई बक्सेर राष्ट्रको सन्तुलित विकासको निम्ति विकेन्द्रीकरणको आधारमा विकास क्षेत्रको निर्माण, प्राविधिक एवं वैज्ञानिक शिक्षाको विकास र विस्तारको लागि शिक्षा आयोगको गठन, संस्कृत विद्याको संरक्षण र सम्बर्द्धनका लागि महेन्द्र-संस्कृत-विश्वविद्यालयको स्थापना, राष्ट्रिय जनमत संग्रहको घोषणा, जनआकांक्षाअनुसार संवैधानिक राजतन्त्रात्मक संसदीय प्रजातन्त्रको स्थापना तथा विश्वशान्ति, सह-अस्तित्व, पारस्परिक सहयोग र सद्भावको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याइबक्सेका महत्त्वपूर्ण योगदान आदि महनीय कार्यहरू गरिबक्सेर नेपालको शाहवंशीय राजपरम्परामा विशिष्ट स्थान ग्रहण गरिबक्सेको छ । राज्यारोहणको पच्चीसौं वर्षमा समृद्धि स्वरूप रजतादि दान गरी रजत महोत्सव मनाउने शास्त्रीय विधान रहेको सन्दर्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदात्त गुण सम्पन्न प्रजावत्सल श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सव मनाउनु समस्त राजभक्त नेपालीहरूको लागि गौरवमय मांगलिक शुभ कार्य हो ।

संसारकै सर्वोच्च हिमशिखर सगरमाथाको काखमा अवस्थित विश्वको एकमात्र हिन्दु अधिराज्य नेपालका सम्राट् श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवका शुभ-अवसरमा मौसूफ सरकारहरूमा माङ्गलिक अभिषेक र शुभाशीर्वचन चढाउँन काञ्ची कामकोटी पीठाधीश्वर अनन्त श्री विभूषित जगद्गुरु शङ्कराचार्य जयेन्द्र सरस्वती तथा वहाँका उत्तराधिकारी शङ्कर विजयेन्द्र सरस्वतीज्यूको नेपाल आगमनबाट हाम्रो राष्ट्रिय एकता र अखण्डताका साझा आस्थाकेन्द्र राजसंस्था र "वसुधैव कुटुम्बकम्" को आदर्श, विश्वशान्ति एवं धार्मिक सहिष्णुताको स्रोतका रूपमा रहेको वैदिक धर्मका संरक्षक जगद्गुरु शङ्कराचार्यको पावन संगमले हाम्रा परम्परागत मूल्य र मान्यतालाई थप महत्त्व प्रदान गरेको छ ।

कुलपति श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवका सन्दर्भमा वर्षदिनभरि मनाइएका कार्यक्रमहरूको संक्षिप्त संगालोका रूपमा प्रकाशित हुन लागेको यस स्मारिकाले राजसंस्थाको महत्त्व एवं राजा र प्रजाको सुमधुर सम्बन्धलाई अभिव्यक्त गर्नुका साथै स्मारिकामा प्रकाशित संस्कृत भाषामा निबद्ध कविताहरू नव प्रतिभाहरूको साहित्य सृजनशीलतालाई उद्बोधन गर्न सफल हुनेछन् भन्ने आशा लिएको छु ।

अन्तमा स्मारिका प्रकाशनका लागि सामग्री संकलन गरी सम्पादन गर्ने जस्तो गहन कार्य गर्नुहुने प्रकाशन उपसमितिका संयोजक सह-प्रा. श्री स्थानेश्वर गौतम एवं अन्य सदस्यहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

जयतु संस्कृतम् ।

(माधवराज गौतम)
उपकुलपति

२०५३, चैत्र २५
बेलझुण्डी, दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङ्ग

Mahendra Sanskrit University
Central Office Beljhundi, Dang

शुभ-कामना

श्री ५ महाराजाधिराज सरकारबाट गद्दीआरोहण गरिबक्सेको २५ औं वर्ष २०५३ लाई रजत-महोत्सवका रूपमा विषेश समारोहको आयोजना गरी विश्वविद्यालय र तदन्तर्गतका विद्यापीठहरूमा गरिएका कार्यक्रमहरूलाई समावेश गरी "श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव स्मारिका २०५३" प्रकाशित हुन लागेकोमा सर्वप्रथम श्री ५ महाराजाधिराज सरकार एवं श्री ५ बडामहारानी सरकारहरूका जुनाफमा सभक्ति मङ्गलमय हार्दिक शुभकामना समर्पण गर्दै सरकारहरूको सुस्वास्थ्य एवं चिरकाल पर्यन्त सुशासनको निमित्त श्री परमेश्वरसँग प्रार्थना गर्दछु ।

विश्वको एकमात्र हिन्दु अधिराज्य नेपालका सम्राट् कुलपति श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवका सन्दर्भमा वर्षदिनसम्म मनाइएका कार्यक्रमहरूको संगालोको रूपमा प्रकाशित हुन लागेको यस स्मारिकाले राजसंस्थाको महत्त्व, राजसंस्थाबाट प्रजाहरूले पाएको गहिरो ममता, वात्सल्य र प्रजाहरूको राजसंस्थाप्रति प्रगाढ भक्ति जस्ता महिमाहरूलाई अभिव्यक्त गर्नुका साथै यस स्मारिकामा प्रकाशित कृतिहरू नवप्रतिभाहरूलाई उद्बोधन गर्न सफल हुनेछन् भन्ने आशा राख्दै यस स्मारिकाको प्रकाशन गर्न सपरिश्रम कार्य गर्नुहुने उपसमितिका सम्पूर्ण सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

(प्रा. डा. वावुराम पोखेल)
शिक्षाध्यक्ष

२०५३ चैत्र २५
बेलझुण्डीं, दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलसचिवको कार्यालय
OFFICE OF THE REGISTRAR

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङ्ग
पो. ब. नं. ५००३

Mahendra Sanskrit University
Central Office Beljhundi, Dang
Post Box No. 5003

In reply please refer to

शुभ-कामना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट गद्दीआरोहण गरिबक्सेको पच्चिसौं वर्षको शुभ अवसरमा मौसूफ सरकारका जुनाफमा सुस्वास्थ्य, दीर्घायुष्य तथा चिरसुशासनको मङ्गलमय शुभकामना सभक्ति विन्ती चढाउँछु।

महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक तथा कुलपति श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवलाई वर्ष दिनभरिनै भव्य रूपमा मनाउने निर्णयानुसार विविध कार्यक्रमहरू समायोजन गरी शुभकामना चढाउने कार्यक्रमहरू सुसम्पन्न भएका छन्। ती कार्यक्रमहरूलाई चिरकालपर्यन्त अक्षुण्ण राख्ने उद्देश्यले विश्वविद्यालयद्वारा स्मारिका प्रकाशन गर्ने कार्यक्रम निर्धारण गरिएको छ। सो स्मारिकामा कविसम्मेलनका साहित्यिक रचनाहरू समेत समावेश गरिएका छन्। संस्कृत भाषामा निबद्ध ती रचनाहरूले आधुनिक समाजलाई नयाँ दिशा प्रदान गर्नेछन् भन्ने आशा एवं विश्वास लिएको छु।

स्मारिकामा हिन्दू अधिराज्य नेपालका राजाको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा श्री ५ महाराजाधिराज सरकारका जुनाफमा शुभाशीर्वचन र अभिषेक प्रदान गर्न काञ्चीकामकोटीपीठका पीठाधीश्वर जगद्गुरु शङ्कराचार्यज्यूहरूको आगमन र वहाँहरूको कार्यक्रमलाई समेत संक्षेपमा समाविष्ट गरिएको छ। हिन्दु धर्मका संरक्षक शङ्कराचार्यज्यू जस्ता महर्षि कल्पहरूबाट प्रजाको हितमा अहर्निश चिन्तनशील भूपतिले आशीर्वचन र अभिषेक प्राप्त गर्नु शास्त्रसम्मत शासन व्यवस्था चलाएको प्रतिफल नै हो भन्नु अत्युक्ति नहोला। अतः यस्ता जनप्रेमी राजाको चिरसुशासनको कामना गरी अधिराज्य भर हर्षोल्लासपूर्वक कार्यक्रमको समायोजन र समापन हुनुले राजसंस्थाको गौरव वृद्धि हुन पुगेको छ। यस स्मारिकाले राजा र प्रजाका बीचको सुमधुर सम्बन्धलाई अझ प्रगाढ तुल्याउन सफलता प्राप्त गरोस् यही कामना गर्दै प्रजावत्सल श्री ५ महाराजाधिराज सरकारप्रति पुनः दीर्घायु र चिरसुशासनको शुभकामना व्यक्त गर्न चाहन्छु।

२०५३ चैत्र २५
बेलझुण्डी, दाङ्ग।

(दत्तात्रेय शर्मा दाहाल)
कुलसचिव
महेन्द्र-संस्कृत-विश्वविद्यालय
बेलझुण्डी, दाङ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रजत महोत्सवका सन्दर्भमा

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित, शिवपार्वतीको सुरम्य क्रीडास्थली, सीता र बुद्धको जन्मस्थली ऋषिमुनिहरूको साधना भूमि र प्राचीनकालदेखि नै राजवंशको पवित्र छहारीमा पल्लवित, पुष्पित र फलित हुँदै आइरहेको विश्वको एकमात्र हिन्दुराष्ट्र नेपालले आफ्नो मौलिक गौरवमय इतिहासलाई सदा अक्षुण्ण राखेको कुरामा कसैको दुई मत छैन ।

लिच्छवी, मल्ल र शाहवंशीय स्वनामधन्य राजा महाराजाधिराजहरूबाट वेलावेलामा शासित र संरक्षित यस देशमा राजा अंशुवर्मा, मानदेव, रामशाह र पृथ्वीनारायण शाहजस्ता प्रतापी राजाहरूको अमूल्य योगदान रहँदै आएको छ । बृहत्तर नेपालको एकीकरण गरी स्वगौरवको समुन्नत ध्वजालाई विश्वसामु परिचय दिने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह मुलुकमा एकतन्त्रीय रूपमा रहेको राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको बिहानी झुल्काउने श्री ५ त्रिभुवन वीर विक्रम शाह र संस्कृत-संस्कृति एवं राष्ट्रगौरवलाई सदा उन्नत राख्न चिन्तनशील श्री ५ महेन्द्रवीरविक्रम शाह तथा नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाई देशमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्रको शंखनादलाई मूर्तरूप दिने जनप्रिय वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको नाम नेपालको इतिहासमा अग्रगण्य छ ।

श्री ५ बडामहाराजाधिराजका एघारौं उत्तराधिकारीका रूपमा रहिबक्सेका श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म वि. सं. २००२ साल पौष १४ गते स्व. श्री ५ महेन्द्र वीर विक्रम शाह र स्व. श्री ५ इन्द्र राज्यलक्ष्मी देवी शाहबाट नारायणहिटी राजदरबारमा भएको थियो । मौसूफले विदेशस्थित महत्त्वपूर्ण शिक्षण संस्थाहरूबाट उच्च ज्ञान हासिल गरिबक्सेको छ, “प्रजा सुखे सुखं राज्ञः” को महनीय मर्मलाई आत्मसात् गरिबक्सेको हुँदा मौसूफ युवराज अवस्थामै नेपाली जनताको दुःख-पीडालाई अत्यन्त निकटबाट बुझ्ने मनसायले मुलुकका अतिविकट र दूर्गम जिल्ला, गाउँ तथा बस्तीहरूको पैदल भ्रमण सामान्य तवरबाट गरिबक्सेको थियो साथै देशदर्शनको यस भ्रमणबाट नेपालको वास्तविक अवस्थिति र नेपाली जनताको यथार्थ परिस्थितिलाई सन्निकटबाट बुझिबक्सेको छ ।

मौसूफको शुभ-विवाह वि. सं. २०२६ साल फाल्गुण महिनामा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीका साथ सुसम्पन्न भएको थियो ।

विक्रम सम्बत् २०२८ साल माघ १७ गते नेपालको संविधान बमोजिम वैदिकविधिपूर्वक मौसूफबाट राज्यारोहण गरिबक्सेको थियो । विक्रम सम्बत् २०३१ साल फागुन १२ गते श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीका साथ मौसूफको शुभ राज्याभिषेक वैदिकविधिपूर्वक सुसम्पन्न भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको सन्तुलित विकासका लागि मौसूफबाट नेपाल अधिराज्यलाई पाँच विकासक्षेत्रमा विभक्त गरिबक्सी विकासको प्रतिफल सबै वर्ग र क्षेत्रका जनताहरूमा पुऱ्याउने नयाँ दृष्टिकोण लिइबक्स्यो, ती विकासक्षेत्रहरूमा वर्षमा पालैपालो भ्रमण गरेर विकास निर्माणका कामहरूलाई स्वयं निरीक्षण गरिबक्सी स्थानीय जनताहरूलाई अभिप्रेरणा बक्सियो । शिक्षाको न्यानो घामबाट अधिराज्यका कुनै पनि बालबालिकाले वञ्चित हुन नपरोस् भनी प्राथमिक शिक्षा निशुःल्क गरिबक्सियो साथै साक्षरताको अभियानलाई तीव्र पार्न उत्साह जगाई बक्सी राष्ट्रिय शिक्षापद्धतिको योजना लागू भएबाट देशमा धेरैले पढ्ने मौका पाए, जसबाट पढेकाले देशको चातुर्दिक उन्नतिमा आफ्नो ज्ञान राशिलाई समुचित प्रयोग गर्ने सुनौलो अवसर पनि प्राप्त गरे ।

यसै प्रसंगमा हिन्दु सभ्यता, संस्कृति र परम्पराको अजस्र स्रोतका रूपमा अनादि कालदेखि राज्याश्रय पाई आइरहेको संस्कृत वाङ्मयको समग्र विकास गरी ज्ञान-विज्ञानको समन्वित विकासद्वारा नेपाललाई संस्कृत अध्ययनको उच्च केन्द्रका रूपमा विकास गर्न महेन्द्र-संस्कृत-विश्वविद्यालयको स्थापना गरिबक्सी २०४५ सालमा यसको समुद्घाटन पनि स्वयं गरिबक्स्यो ।

संस्कृत वाङ्मयको समग्र विकासमा अत्यन्त रुचि राखिबक्सने भएकोले मौसूफबाट विश्वविद्यालयको कुलपतिको गरिमामय दायित्वलाई समेत वहन गरिबक्सेको छ । वेलावेलामा विश्वविद्यालयलाई कृपापूर्ण निर्देशन बक्स भै यस संस्थामा काम गर्ने सबैको हौसला बढाइबक्सेको छ ।

मौसूफ सरकारको राज्यारोहणको २५ वर्ष भएको सन्दर्भमा समग्र राष्ट्रले मौसूफको "गद्दीआरोहण रजत महोत्सव" सरकारी र गैह्रसरकारी स्तरबाट मनाउने सिलसिलामा विश्वविद्यालयले राष्ट्रका आस्थाकेन्द्र एवं विश्वविद्यालयका कुलपति सरकारको गद्दीआरोहण रजत महोत्सव मनाउनु आफ्नो परं कर्तव्य ठान्यो, पूर्वीय शास्त्रीय परम्परामा राजाले आफ्नो राज्यारोहणको २५ औं वर्षमा राष्ट्रोन्नतिको दीर्घसत्रस्वरूप रजत आदि वस्तु प्रदानद्वारा समग्र देशमा महोत्सव मनाउने शास्त्रीय विधान छ । यही शास्त्रीय परम्परालाई जीवन्त राख्न आफ्ना प्यारा राजाको गद्दीआरोहण रजत महोत्सव उल्लासमय वातावरणमा वर्षदिनभरी नै विविध कार्यक्रमहरूको आयोजना गरी विश्वविद्यालय र तदन्तर्गतका सबै विद्यापीठहरूमा मनाउन मिति २०५३ आषाढ १९ गते महेन्द्र-संस्कृत-विश्वविद्यालयका तात्कालिक उपकुलपतिज्यूको अध्यक्षतामा केन्द्रीय कार्यालय बेलझुण्डी, दाङमा बसेको विशेष बैठकले उपकुलपतिको अध्यक्षतामा कुलसचिव श्री दत्तात्रेयशर्मा दाहाल सदस्यसचिव र उपप्रशासकद्धय श्री गंगामणि शर्मा र श्री दिलीप भट्टराई सहसचिव तथा लेखानियन्त्रक श्री लक्ष्मण पोखेल कोषाध्यक्ष र सहायक सचिवमा नि. सहायक प्रशासक श्री प्रदीप गौतम रहनु भएको १२१ सदस्यीय "श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव मूल समारोह समिति" दाङको गठन गर्नुको साथै उक्त समितिलाई आवश्यक परामर्श उपलब्ध गराउन विभिन्न विशिष्ट महानुभावहरू संलग्न भएको ५ सदस्यीय सल्लाहकार समिति समेत गठन गऱ्यो ।

उक्त बैठकले पाँचै विकास क्षेत्रमा रहेका शास्त्रानुसन्धानपरिषद्हरूबाट प्रकाशित हुने "मर्यादा" पत्रिकालाई रजत महोत्सवाङ्कका रूपमा प्रकाशन गर्ने र वर्षदिनसम्म रजत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महोत्सवका सिलसिलामा विश्वविद्यालयको केन्द्रीयस्तर र विद्यापीठहरूबाट भए गरेका सम्पूर्ण क्रियाक्लापहरूलाई समावेश गरी एउटा "स्मारिका" पनि प्रकाशन गर्ने निर्णय गरेको थियो । तदनुसार रजतमहोत्सवका विभिन्न कार्यक्रमहरूलाई यस स्मारिकामा यथासम्भव राख्ने प्रयास गरिएको छ । श्री ५ महाराजाधिराजको गद्दीआरोहण रजत महोत्सवका शुभावसरमा श्री ५ को सरकारको आमन्त्रणामा श्री ५ महाराजाधिराजमा आशीर्वचन र अभिषेक समर्पण गर्ने प्रसङ्गमा नेपाल आउने क्रममा महेन्द्र संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङमा र मातहतका विद्यापीठहरूमा पाल्नुभएका काञ्चीकामकोटी पीठाधीश्वर जगद्गुरु शंकराचार्य अनन्तश्री विभूषित जयेन्द्र सरस्वती स्वामीज्यूको शुभागमनलाई सदा स्मरणीय बनाउने उद्देश्यले स्मारिकामा समावेश गरिएको छ । जगद्गुरुको भ्रमण अन्तर्राष्ट्रिय दृष्टिकोणले पनि उल्लेख्य भएकोले वहाँको भ्रमण-कार्यक्रमको सामग्रीलाई संस्कृत भाषामा प्रस्तुत गरिएको हो ।

प्रस्तुत स्मारिका क, ख, ग, र परिशिष्ट गरी ४ भागमा विभक्त छ, क खण्डमा विश्वविद्यालयको केन्द्रीय कार्यालयद्वारा वर्षदिनभरिमा गद्दीआरोहण रजत महोत्सवका उपलक्ष्यमा भए गरेका क्रियाक्लापहरूको विवरण प्रस्तुत गरिएको छ भने खण्ड 'ख' मा मातहतका विद्यापीठहरूबाट रजत महोत्सवका सन्दर्भमा सुसम्पन्न भएका क्रियाक्लापहरूको विवरणलाई समाविष्ट गरिएको छ । यस्तै राजा र राजसंस्था सम्बन्धी केही लेख रचनाहरू पनि समावेश गरिएका छन् । खण्ड "ग" मा जगद्गुरुको आगमनको पावन प्रसङ्गमा सम्पन्न समारोहलाई संस्कृत भाषामा निबद्ध गरिएको छ भने परिशिष्ट खण्डमा उपर्युक्त क, ख र ग खण्डका सन्दर्भ सामग्रीहरूका रूपमा रहेका आवश्यक विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

रजत महोत्सवका प्रसङ्गमा विश्वविद्यालयको केन्द्रीय कार्यालय र तदन्तर्गतका विद्यापीठमा सम्पन्न सबै कार्यक्रम तथा शङ्कराचार्यहरूको आगमनसम्बन्धी सामग्रीहरूको सन्निवेशलाई मिलाएर प्रकाशन गर्न थालिएको प्रस्तुत स्मारिकालाई समयको छोटो अन्तरालमा सम्पादन गर्नुपर्ने गुरुत्तर दायित्व उपसमितिमा आएको हुँदा हाम्रो विवेक र सामर्थ्यले भेटेसम्म स्मारिकालाई यथार्थपरक बनाउने प्रयास गरिएको छ, साथै सम्पादनका सन्दर्भमा हुन गएका त्रुटि कमजोरीहरूका र मुद्रणका क्रममा भएका अशुद्धिहरूका लागि क्षमायाचना गर्नु पनि समितिले आफ्नो परं कर्तव्य ठान्दछ ।

विनीत

श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव
स्मारिका प्रकाशन उपसमिति
महेन्द्र-संस्कृत-विश्वविद्यालय, बेलझुण्डी, दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

खण्ड 'क'

१. चमेनागृहको समुद्घाटन १

२. वृक्षारोपण २

३. विशेषपूजा तथा प्रवचन कार्यक्रम ३

४. गद्दीआरोहण रजत महोत्सव सप्ताह ४

५. पत्रिका प्रकाशन ८

६. वक्तृत्वकला प्रतियोगिता ८

७. परिसम्वाद कार्यक्रम ८

८. अन्तर्राष्ट्रिय संस्कृत कविसम्मेलन ९

खण्ड 'ख'

१. पिण्डेश्वर विद्यापीठ, धरान, सुनसरी १३

२. हजारी जनक विद्यापीठ, जनकपुरधाम १७

३. याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, मटिहानी १९

४. वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं २०

५. भानु संस्कृत विद्यापीठ चुँदी रम्घा, तनहुँ २०

६. बिन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरा २०

७. रुरु संस्कृत विद्यापीठ, रिडी, गुल्मी २१

८. जनता विद्यापीठ, विजौरी, दाङ २४

९. शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुर २५

लेख

१. राजसंस्था — प्रा. राधाकृष्ण अधिकारी २८-३०

२. वैदिक राजतन्त्र, श्री ५ वीरेन्द्र राज्यारोहण रजतवर्ष २०५३ — प्रा. ऋषिराम पोखेल ३१-३६

३. पुराणमा राजा र हाम्रा राजा — प्रा. दुर्गाप्रसाद उपाध्याय दवाडी ३७-४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड 'ग'

१.	जगद्गुरुशङ्कराचार्यश्रीजयेन्द्रसरस्वतीभगवत्पादानां दाङयात्राविवरणम्	५१
२.	अभिनन्दनकार्यक्रमः	५४
३.	श्रीजयेन्द्रसरस्वतीनां सम्बोधनम्	५७
४.	श्रीशङ्करविजयेन्द्रसरस्वतीनां सम्बोधनम्	६०
५.	शास्त्रचिन्तनं कविकोगष्ठी च	६१
६.	वृक्षारोपणम्	६१
७.	स्वर्गद्वारीप्रस्थानम्	६२
८.	दाङाय प्रत्यावर्तनम्	६३
९.	सुनवलं प्रति प्रस्थानम्	६३
१०.	बिन्दुवासिनीसंस्कृतविद्यापीठे स्वागताभिनन्दनम्	६४
११.	काष्ठमण्डपस्य कार्यक्रमः	६४
१२.	पिण्डेश्वरसंस्कृतविद्यापीठे स्वागताभिनन्दनम्	६७
१४.	याज्ञवल्क्यलक्ष्मीनारायणसंस्कृतविद्यापीठस्य कार्यक्रमः	६८
१५.	नेपालयात्रायाः संक्षिप्तं विवरणम्	७३

परिशिष्ट खण्ड

१.	महेन्द्र संस्कृत विश्वविद्यालयका तर्फबाट श्री ५ मा समर्पित अभिनन्दनपत्र	७५-७६
२.	अन्तर्राष्ट्रिय संस्कृत कवि सम्मेलनमा मुख्य अतिथिको मन्तव्य	७७-७९
३.	अन्तर्राष्ट्रिय संस्कृत कवि सम्मेलनमा भाग लिने कवि-कवयित्रीहरू	८०
४.	अन्तर्राष्ट्रिय संस्कृत कवि सम्मेलनमा प्रस्तुत कविताहरू	८१-११५
५.	शिक्षणभवनको उद्घाटनका अवसरमा प्र. म. श्री शेरबहादुर देउवाज्यूको मन्तव्य	११६
६.	रुरु संस्कृत विद्यापीठका कविताहरू	११७-११९
७.	म. सं. वि. का तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र	१२०-१२१
८.	नेपाली रूपान्तर	१२२-१२४
९.	मूलसमितिका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र	१२५-१२६
१०.	नेपाली रूपान्तर	१२७-१२८
११.	विजौरी एवं मानपुर गाविसको तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र	१२९-१३०
१२.	धन्यवाद ज्ञापन (संस्कृत नेपाली)	१३१-१३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३. शङ्कराचार्यज्यूको आगमनका अवसरमा दाङमा प्रस्तुत कविताहरू १३३-१४२
१४. स्वर्गद्वारीवासी भक्तहरूका तर्फबाट समर्पित अभिनन्दनपत्र १४३-१४४
१५. नेपालीमा रूपान्तर १४५-१४६
१६. बिन्दुवासिनी विद्यापीठका तर्फबाट समर्पित अभिनन्दनपत्र १४७
१७. जगद्गुरुशङ्कराचार्यस्वागताभिनन्दन व्यवस्थापन समितिका तर्फबाट समर्पित अभिनन्दनपत्र १४८-१४९
१८. पिण्डेश्वर विद्यापीठका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र १५०-१५१
१९. हजारीजनक विद्यापीठका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र १५२
२०. याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र १५३-१५४
२१. लक्ष्मीनारायण मठका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र १५५-१५६
२२. श्री राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीका तर्फबाट स्वामीज्यूमा समर्पित अभिनन्दनपत्र १५७
२३ याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा भएको कविगोष्ठीमा वाचित कविताहरू १५८-१६४

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा महेन्द्र-संस्कृत-विश्वविद्यालयले वर्ष दिनसम्म आयोजना गरेका विविध कार्यक्रमहरूको विवरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड 'क'

महेन्द्र-संस्कृत-विश्वविद्यालय

केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङ

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव कुलपति सरकारको गद्दीआरोहण रजत महोत्सवको पावन अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायुष्य, मङ्गलोदय, दीर्घ सुशासन तथा पूर्ण सुख शान्तिको कामना गरी निम्नलिखित कार्यक्रमहरू सुसम्पन्न गरियो :-

१. चमेनागृहको समुद्घाटन

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवको शुभ अवसरमा विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रू. ३,४३,१८५।६५ को लागतमा तैयार भएको तीनकोठे चमेनागृहको मिति २०५३ साल कार्तिक २० गते विशेष समारोहका बीच पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाज्यूबाट समुद्घाटन सुसम्पन्न भयो ।

उद्घाटनपश्चात् समायोजित कार्यक्रममा जर्मन विद्वान् डा. वर्नहार्ड कोल्भरद्वारा म. सं. वि. मा स्थापित "आधुनिक विश्वमा हिन्दु एवं बौद्ध परम्पराको भूमिका र आजको युगमा त्यसको योगदान" विषयक पं. हेमराज पाण्डे निबन्ध पुरस्कारमा प्रथम स्थान प्राप्त गर्ने जनता विद्यापीठकी छात्रा सुश्री मधुमालती खत्री तथा द्वितीय स्थान प्राप्त गर्ने सोही

(पूर्वप्रधानमन्त्री एवं ने. का. सभापति श्री गिरिजाप्रसाद कोइराला पुरस्कार प्रदान गर्नुहुँदै)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यापीठकै छात्रा सुश्री वसन्ता शर्मालाई मुख्य अतिथि श्री कोइरालाज्यूबाट क्रमशः रू. ५,०००।- र रू. २,५००।- को चेक तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

२. वृक्षारोपण

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवको सन्दर्भमा केन्द्रीय कार्यालयको परिसरमा मिति २०५३ साल कार्तिक २० गते उन्नत जातका फलफूलका बिरुवाहरू रोपी वृक्षारोपण कार्यक्रमको प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री रामचन्द्र पौडेलज्यूले शुभारम्भ गर्नुभयो । सो अवसरमा माननीय महिला तथा समाजकल्याण सहायकमन्त्री श्री दुर्योधन चौधरी, सांसद तथा सभासद माननीय श्री बलदेव मजगैयाँ, माननीय सांसद श्री महेश आचार्य, माननीय सांसद श्री सुनील भण्डारी, विश्वविद्यालयका उपकुलपति, कुलसचिव, दाङ जिल्लाका कार्यालय प्रमुखहरू, राजनैतिक नेता तथा कार्यकर्ताहरू, पत्रकार, बुद्धिजीवी समाजसेवी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूबाट वृक्षारोपण गरी मौसूफ सकारका जुनाफमा सुस्वास्थ्यको कामना गरिएको थियो ।

वृक्षारोपण कार्यक्रमको शुभारम्भ तथा चमेनागृहको समुद्घाटनपश्चात् नि. उपकुलपति श्री माधवराज गौतमको अध्यक्षतामा समायोजित समारोहमा कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालले स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै श्री ५ महाराजाधिराज सरकारको चिरायुको कामना गरी समारोहमा समुपस्थित अतिथिहरूको स्वागत अभिवादन गर्नु भएको थियो । मौसूफको जुनाफमा चिरायुकामना व्यक्त गर्ने अन्य महानुभावहरूमा माननीय महिला तथा समाज कल्याण सहायकमन्त्री श्री दुर्योधन चौधरी, सांसद तथा विश्वविद्यालय सभाका सभासद माननीय श्री बलदेव मजगैयां, माननीय सांसद श्री महेश आचार्य, माननीय सांसद श्री सुनील भण्डारी र ने. का. महामन्त्री श्री सुशील कोइराला आदि हुनुहुन्थ्यो । सोही समारोहलाई सम्बोधन गर्दै सम्माननीय सभामुख श्री रामचन्द्र

(सभालाई सम्बोधन गर्नुहुँदै सम्माननीय सभामुख श्री रामचन्द्र पौडेलज्यू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पौडेलज्यूले संस्कृत-विश्वविद्यालयले परम्परागत मूल्य र मान्यताहरूको संरक्षण गर्दै आधुनिक सभाजको आवश्यकतालाई परिपूर्ति गर्नसक्ने आफ्नै पनका कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड दिंदै श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्यको कामना गर्नुभएको थियो। समारोहका प्रमुख अतिथि तथा नेपाली कांग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाज्यूले महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गत आयुर्वेद विषयको पठन-पाठन संचालन हुनुपर्ने कुरामा आफ्नो दृढ धारणा रहेको आशय व्यक्त गर्नुहुँदै श्री ५ महाराजाधिराज सरकारको दीर्घ सुशासनको कामना गर्नुभएको थियो। समारोहमा समुपस्थित आदरणीय अतिथिहरूमा धन्यवाद ज्ञापन गर्नुहुँदै म. सं. वि. कर्मचारी संघका केन्द्रीय अध्यक्ष श्री श्रवण कुमार आचार्यले मौसूफको चिरसुशानको कामना गर्नुभयो।

(मन्तव्य प्रकट गर्नुहुँदै नि. उपकुलपति श्री माधवराज गौतमज्यू)

समारोहको अन्तमा सभापतिको आसनबाट नि. उपकुलपति श्री माधवराज गौतमले नेपाल र नेपालीका आस्थाकेन्द्र र एकताका प्रतीकको रूपमा प्रतिष्ठित राजा र राजसंस्थाको गरिमामय इतिहासमाथि प्रकाश पार्दै श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारमा दीर्घायु, सुस्वास्थ्य, तथा दीर्घ सुशासनको शुभकामना चढाउँदै सभाको समापन गर्नुभयो।

३. विशेष पूजा तथा प्रवचन कार्यक्रम

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवलाई विशेष वर्षकै रूपमा मनाउन मौसूफको बाउन्नौं शुभजन्मोत्सवका सन्दर्भमा २०५३ साल पौष १३, १४ र १५ गते विविध कार्यक्रमहरूको समायोजन गरिएको थियो। जसमध्ये पौष १३ गते विश्वविद्यालय परिसरको सरसफाइ एवं दीपावली गरियो भने पौष १४ गते स्थानीय श्री त्रिलोकेश्वर महादेवको मन्दिरमा विशेष पूजा आराधना गरिएको थियो। श्री ५ महाराजाधिराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारको सुस्वास्थ्य, दीर्घायुष्य, मङ्गलोदय तथा चिरसुशासनको कामनाका निमित्त विशेष पूजा, रुद्राभिषेक र दुर्गासप्तशतीको पाठ आदि कार्य श्री त्रिलोकेश्वर महादेव प्रबन्ध समिति बेलझुण्डी, दाङका तर्फबाट भएको थियो। पूजाआजामा पुजारी श्री लोकराज उपाध्याय संलग्न हुनुहुन्थ्यो भने व्यवस्थापन कार्यमा सचिव श्री छविलाल डाँगी र सहायक सचिव श्री रामप्रसाद शर्मा संलग्न हुनुहुन्थ्यो। सोही दिन बिहान मौसूफमा शुभकामना समर्पण गर्न कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालज्यूको सभापतित्वमा समायोजित प्रवचन कार्यक्रममा "नेपालमा राजसंस्थाको गरिमामय इतिहास र श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व" शीर्षकमा विश्वविद्यालय विद्यापीठका प्राचार्य श्री स्थानेश्वर गौतम, प्राध्यापक श्री दामोदर शर्मा, ने. प्रा. संघ विश्वविद्यालय विद्यापीठ एकाइ समितिका सभापति श्री चतुर्भुज शर्मा, कर्मचारी संघका केन्द्रीय अध्यक्ष श्री श्रवण कुमार आचार्य, उप-प्रशासक श्री चूडामणि अधिकारी, संघका केन्द्रीय सहसचिव श्री भेषराज गौतम लगायतका वक्ताहरूले बोल्नु भएको थियो। सभाको अन्तमा सभापतिको आसनबाट कुलसचिव दाहालले श्री ५ महाराजाधिराज सरकारको दीर्घायु तथा मङ्गलोदयको कामना गर्दै मौसूफ सरकारको बहुआयामिक नेतृत्व र व्यक्तित्वमाथि प्रकाश पार्नु भएको थियो। पौष १५ गते विश्वविद्यालयको केन्द्रीय कार्यालयको प्रशासकीय भवनमा दीपावली गरिएको थियो।

४. गद्दीआरोहण रजत महोत्सव सप्ताह

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा २०५३ सालभरि नै विविध कार्यक्रम मनाउँदै रहेको सन्दर्भमा माघ १८ गतेदेखि ऐ. २४ गतेसम्म गद्दीआरोहण रजत महोत्सव सप्ताह विशेष कार्यक्रमहरूको आयोजना गरी मनाउने निर्णय भएअनुसार विश्वविद्यालयको केन्द्रीय कार्यालय र यस अन्तर्गतका विद्यापीठ तथा अन्य निकायहरूलाई निर्देशन दिइएको थियो। सोही अनुसार केन्द्रीय कार्यालयमा सप्ताहव्यापी महोत्सवमा भएका कार्यक्रमहरूको संक्षिप्त विवरण :-

क) श्री ५ मा अभिनन्दन तथा उपहार समर्पण

२०५३।१०।१८ गते श्री ५ महाराजाधिराज सरकारका जुनाफमा श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव केन्द्रीय समारोह समितिको तर्फबाट दशरथ रंगशालामा नागरिक अभिनन्दन चढाउने कार्यक्रम रहेकोमा यस विश्वविद्यालयका तर्फबाट पनि मौसूफका जुनाफमा अभिनन्दनपत्र तथा उपहार चढाउने निर्धारित कार्यक्रमअनुसार उपकुलपति श्री माधवराज गौतमले अभिनन्दनपत्र र विद्याकी अधिष्ठात्रीदेवी श्री सरस्वतीमाताको क्लात्मक रूपमा तैयार गरिएको चाँदीको प्रतिमूर्ति मौसूफमा समर्पण गरी दीर्घायुको मङ्गलमय शुभकामना समर्पण गर्नुभयो। (मौसूफका जुनाफमा समर्पित अभिनन्दन पत्र परिशिष्ट भागको पेज नं. ७५ मा छ) २०५३ माघ १९ गते बेलुकी विश्वविद्यालयको केन्द्रीय कार्यालयमा दीपावली गरिएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख) झण्डोत्तोलन

माघ १८ गते कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालद्वारा म.सं.वि. केन्द्रीय कार्यालय बेलझुण्डी, दाङमा विशेष समारोहका बीच राष्ट्रिय झण्डाका साथै विश्वविद्यालयको झण्डोत्तोलन गर्नु भयो । सो अवसरमा समुपस्थित जनसमुदायद्वारा श्री ५ महाराजाधिराज सरकारको जयकार तथा चिरायुको उद्घोष गरिएको थियो ।

ग) सरसफाइ कार्यक्रम

माघ २० गते विश्वविद्यालयको केन्द्रीय कार्यालयका साथै विश्वविद्यालय विद्यापीठको परिसरमा सरसफाइको कार्यक्रम राखिएको थियो । सरसफाइ कार्यक्रममा विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक, स्थानीय बुद्धिजीवी, समाजसेवी, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो । "सरसफाइ गरी वातावरण स्वच्छ राखौं, सुस्वास्थ्य र दीर्घायुको कामना गरौं" भन्ने उद्घोषबाट प्रारम्भ भएको सरसफाइ कार्यक्रम उपप्राध्यापक श्री मुरली घिमिरेको संयोजकत्वमा सुसम्पन्न भएको थियो ।

घ) हरिकीर्तन

श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना गरी माघ २१ गते स्थानीय श्री त्रिलोकेश्वर महादेव मन्दिरको कीर्तनकक्षमा अखण्ड हरिकीर्तनको समायोजन गरिएको थियो । अखण्ड हरिकीर्तनका लागि श्री क्षेमकान्त घिताल‌को हरिकीर्तन टोलीलाई आमन्त्रण गरिएको थियो । वैदिक विधिपूर्वक आरती प्रज्ज्वलन गरी उपकुलपति श्री माधवराज गौतमबाट हरिकीर्तनको शुभारम्भ भएको थियो । सो कार्यक्रममा विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी र भक्तजनहरूको व्यापक उपस्थिति थियो ।

(कीर्तनको अवसरमा पूजित पञ्चकन्याहरू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड हरिकीर्तनको समापनमा गोपूजन, पञ्चकन्याको पूजन तथा हवन आदि कार्य गरिएको थियो। हरिकीर्तन कार्यक्रमका संयोजक उप-प्रा. श्री देवमणि भट्टराई हुनुहुन्थ्यो।

ङ) विशेष प्रवचन

२०५३।१०।२२ गते गद्दीआरोहण रजत महोत्सवकै सन्दर्भमा विश्वविद्यालय विद्यापीठमा "राजसंस्थाको महिमा र श्री ५ वीरेन्द्रको व्यक्तित्व" विषयक प्रवचन कार्यक्रमको समायोजन गरियो। शिक्षाध्यक्ष प्रा. डा. श्री वावुराम पोखेलज्यूको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा प्राचार्य श्री स्थानेश्वर गौतम, प्राध्यापकद्वय श्री तीर्थराज सुवेदी र श्री रामेश्वर शर्माका साथै उप-प्रा. श्री चतुर्भुज पौडेलले प्रवचन गर्नु भएको थियो। उक्त कार्यक्रमको सभापतित्व कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालले गर्नुभएको थियो भने संयोजक प्राचार्य श्री स्थानेश्वर गौतम हुनुहुन्थ्यो। शिक्षक, कर्मचारी, विद्यार्थी र स्थानीय महानुभावहरूको समुपस्थितिमा सम्पन्न प्रवचन कार्यक्रमको अन्तमा श्री ५ महाराजाधिराज सरकारको दीर्घायु तथा सुस्वास्थ्यको कामना गरिएको थियो।

मुख्य अतिथि शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलले राजसंस्थाको गरिमाका बारेमा विशद चर्चा गर्नुभएको थियो। त्यस्तै सभापतिको आसनबाट कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालले रजत महोत्सवको महत्त्वमाथि प्रकाश पार्नु भएको थियो।

च) खेलकुद

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवकै सन्दर्भमा माघ २३ गते खेलकुद कार्यक्रमको समायोजन गरियो। केन्द्रीय कार्यालय र विश्वविद्यालय विद्यापीठका कर्मचारीहरू सम्मिलित भएको खेलकुद कार्यक्रम अन्तर्गतको रस्साकसी खेलमा उपकुलपति श्री माधवराज गौतमले दुवै पक्षका टोली नेता श्री चूडामणि अधिकारी र श्री शिवचन्द्र न्यौपानेलाई रस्सी प्रदान गरी खेलकुद कार्यक्रमको शुभारम्भ गर्नु भयो। सो खेलमा श्री चूडामणि अधिकारीले नेतृत्व गर्नुभएको टोलीले प्रथम स्थान प्राप्त गरेको थियो। रस्साकसी पछिका खेलहरूमध्ये पुरुषहरूको हाइजम्पमा श्री टोपबहादुर डाँगी, श्री देवबहादुर के. सी. र श्री भुवनेश्वर थापाले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेका थिए भने महिला तर्फको हाइजम्पमा श्रीमती मधुमालती शर्मा र श्रीमती निमा बस्नेतले क्रमशः प्रथम र द्वितीय स्थान प्राप्त गरेका थिए। त्यस्तै पुरुषहरूको २०० मिटर दौडमा श्री रेशम के. सी., श्री जहरीलाल चौधरी र श्री देवबहादुर के. सी. ले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका थिए। करीव ११० जना कर्मचारीहरूका बीचमा सम्पन्न खेलकुद कार्यक्रमको व्यवस्थापन र सञ्चालनका निमित्त लेखाअधिकृत श्री टीकाराम बस्नेतको संयोजकत्वमा समिति गठन गरिएको थियो।

छ) कविता प्रतियोगिता तथा पुरस्कार वितरण

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवको शुभ अवसरमा माघ २४ गते विश्वविद्यालय विद्यापीठका छात्र-छात्राहरूका बीच प्रतियोगितात्मक कविता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतियोगिता समायोजन गरियो । कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालको प्रमुख आतिथ्यमा सञ्चालित उक्त प्रतियोगितात्मक कार्यक्रमको सभापतित्व प्राचार्य श्री स्थानेश्वर गौतमले गर्नुभएको थियो । उक्त प्रतियोगितामा छात्र श्री बद्रीप्रसाद गौतम, श्री देवीप्रसाद नेपाल र श्री टीकाराम गौतम क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए। कविताको मूल्यांकनकर्तामा श्री तीर्थराज सुवेदी, श्री चतुर्भुज पौडेल र श्री गंगामणि शर्मा हुनुहुन्थ्यो भने संयोजकमा सह प्रा. श्री ठाकुरप्रसाद आचार्य रहनुभएको थियो । सो अवसरमा संचालित विभिन्न शैक्षिक र खेलकुद आदि प्रतियोगितात्मक कार्यक्रममा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने सहभागीहरूलाई माघ २४ गते प्रमुख अतिथि कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालले पुरस्कार वितरण गर्नुभयो । पुरस्कार वितरणपश्चात् बोल्नु हुँदै कुलसचिवज्यूले नेपाल र नेपाली जनताका आस्थाका केन्द्र राजा र राजसंस्थाको महिमाका साथै श्री ५ महाराजाधिराज सरकारको व्यक्तित्वमाथि प्रकाश पार्नुभयो र कार्यक्रममा सहभागी हुने तथा सफलता हासिल गर्ने व्यक्तिहरूलाई धन्यवाद दिनुभएको थियो । सभापतिको आसनबाट प्राचार्य श्री स्थानेश्वर गौतमले राजसंस्थाको महिमा र श्री ५ वीरेन्द्रको व्यक्तित्वमाथि प्रकाश पार्दै रजत महोत्सवको महत्त्वको चर्चा गरी सभा विसर्जन गर्नुभएको थियो ।

ज) दीपावली

गद्दीआरोहण रजत महोत्सवका सन्दर्भमा ।केन्द्रीय कार्यालय र विश्वविद्यालय विद्यापीठमा माघ १८ गतेदेखि २४ गतेसम्म बेलुकी दीपावली गरी श्री ५ महाराजाधिराज सरकारका जुनाफमा सुस्वास्थ्य र दीर्घायुको कामना गरियो ।

झ) श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत विद्वद्वृत्तिको स्थापना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको पावन अवसरलाई चिरकाल पर्यन्त स्मरणीय राख्ने उद्देश्यले यस विश्वविद्यालयअन्तर्गत "श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत विद्वद्वृत्ति" स्थापना गरिएको छ । उक्त विद्वद्वृत्ति संस्कृत वाङ्मयको उच्च अध्ययन, अनुसन्धान र प्रशिक्षण हासिल गरेका ख्यातिप्राप्त विदेशी विद्वान् तथा विश्वविद्यालयको सेवाबाट निवृत्त भएका वा स्वतन्त्र प्राध्यापक, अनुसन्धान वा प्रशिक्षण कार्यमा विशिष्ट योग्यता वा अनुभव हासिल गरेका ख्यातिप्राप्त नेपाली नागरिक्लाई ५ महिनादेखि २ वर्षसम्मका लागि विश्वविद्यालयद्वारा तोकिएको शिक्षण संस्था वा स्थानमा रही संस्कृत वाङ्मयको उच्च अनुसन्धान तथा प्रशिक्षण गर्नका निमित्त विशेष वृत्ति प्रदान गरी सम्मान प्रदान गर्न २०५३।१०।२३ गते विद्वद्वृत्तिको स्थापना गरिएको छ ।

उक्त विद्वद्वृत्ति प्राप्त गर्ने नेपाली विद्वान्लाई मासिक रूपमा वृत्तिस्वरूप रू. ६,०००।- र विदेशी विद्वान्लाई उपयुक्त आवास वा भत्ताका साथै वृत्तिस्वरूप रू. १०,०००।- उपलब्ध हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. पत्रिका प्रकाशन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवका सन्दर्भमा विश्वविद्यालय विद्यापीठस्थित मध्यपश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद्द्वारा 'मर्यादा' पत्रिकाको विशेषाङ्क प्रकाशन गरियो। प्राचार्य श्री स्थानेश्वर गौतमको संयोजकत्वमा उक्त कार्य सुसम्पन्न भएको थियो।

६. वक्तृत्वकला प्रतियोगिता

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवका सन्दर्भमा म. सं. वि. केन्द्रीय कार्यालयद्वारा समायोजित अन्तरविद्यापीठ वक्तृत्वकला प्रतियोगिता र विश्वविद्यालयविद्यापीठद्वारा समायोजित परिसंवाद कार्यक्रम समन्वितरूपमा मिति २०५३ चैत्र २१ गते बृहस्पतिवारका दिन विश्वविद्यालयको केन्द्रीय कार्यालय बेलझुण्डी, दाङमा सुसम्पन्न भयो।

उक्त समारोहका मुख्य अतिथि महेन्द्र-संस्कृत-विश्वविद्यालयका उपकुलपति श्री माधवराज गौतम हुनुहुन्थ्यो।

उप-प्रा. द्वय श्री चतुर्भुज पौडेल र श्री देवमणि भट्टराईद्वारा वैदिक स्वस्तिवाचनबाट प्रारम्भ भएको सो समारोहको सभापतित्व शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलले गर्नुभएको थियो। समारोहको प्रारम्भमा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारको फोटोमा र विद्याकी देवी सरस्वतीको फोटोमासमेत प्रमुख अतिथिज्यू र सभाका सभापतिज्यूबाट माल्यार्पण गरिएको थियो।

समारोहको समुद्घाटन पानसमा दीप प्रज्ज्वलन गरी मुख्य अतिथि उपकुलपति श्री माधवराज गौतमज्यूले गर्नुभएको थियो।

"संस्कृतवाङ्मयको विकासमा राजसंस्थाको देन" शीर्षक रहेको वक्तृत्वकला प्रतियोगितामा महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गतका विद्यापीठहरूमध्ये जनता, रुरु, पिण्डेश्वर, वाल्मीकि, हजारीजनक, भानु, शारदा, विश्वविद्यालय-विद्यापीठसमेत गरी ८ वटा विद्यापीठका विद्यार्थीहरू सहभागी भएका थिए।

प्रतियोगितामा वाल्मीकि विद्यापीठ काठमाडौंका छात्र श्री पीपलमणि सिग्देल प्रथम, पिण्डेश्वर विद्यापीठ धरानका छात्र श्री भवानीशङ्कर भट्टराई द्वितीय तथा विश्वविद्यालय-विद्यापीठ बेलझुण्डी, दाङका छात्र श्री टीकाराम दाहाल तृतीय भएका थिए।

७. परिसंवाद

यसै समारोहमा "नेपालमा राजसंस्थाको महत्त्व र श्री ५ वीरेन्द्र" शीर्षकमा केन्द्रित परिसंवाद कार्यक्रममा विश्वविद्यालय विद्यापीठका प्रा. श्री तीर्थराज सुवेदी तथा जनता विद्यापीठका सह-प्रा. श्री गदाधर पोखेल सहभागी हुनुहुन्थ्यो। परिसंवादका क्रममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजसंस्थाको बारेमा प्राच्य-पाश्चात्य दुवै सिद्धान्तको चर्चा गरिनुका साथै वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारका उदात्त गुणहरूको परिचर्चा र पूर्वीय शास्त्रमा रजत महोत्सवका बारेमा रहेको दृष्टिकोणको चर्चा समेत उक्त कार्यक्रममा भएको थियो ।

उक्त परिसंवाद कार्यक्रमको सञ्चालन प्राचार्य श्री स्थानेश्वर गौतमले गर्नुभएको थियो ।

उक्त अवसरमा कुलसचिव श्री दत्तात्रेयशर्मा दाहालले विश्वविद्यालयले भविष्यमा पनि यस्तै वक्तृत्वकला, परिसंवाद जस्ता कार्यक्रमहरूको आयोजना गरिने कुरा बताउनु भयो ।

समारोहका मुख्य अतिथि उपकुलपति श्री माधवराज गौतमले श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य, दीर्घायुष्य एवं दीर्घ सुशासनको कामना गर्नुहुँदै "संस्कृत शिक्षाले विगतमा विविध विधामा धेरै महत्त्वपूर्ण योगदान गर्दै आएको छ त्यो चिरन्तन परम्परालाई आज पनि हामीहरूले निरन्तरता दिनुपरेको छ" भन्नुभयो ।

समारोहमा सह-प्रा. श्री ठाकुरप्रसाद आचार्यले स्वागत-भाषण गर्नुभएको थियो भने सहसंयोजक प्राचार्य डा. श्री भोजराज पन्तले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

वक्तृत्वकला प्रतियोगिताका निर्णायकका रूपमा रहनुभएका वाल्मीकि विद्यापीठका सह-प्रा. डा. श्री वेणीमाधव ढकाल र विश्वविद्यालय विद्यापीठका सह-प्रा. श्री लेखनाथ आचार्यले प्रतियोगीहरूको अभिव्यक्तिका बारेमा टिप्पणी गरी परिणामको घोषणा गर्नुभएको थियो ।

निर्णायकहरूमा डा. भोजराज पन्त, सह-प्रा. वेणीमाधव ढकाल र सह-प्रा. लेखनाथ आचार्य हुनुहुन्थ्यो ।

समारोहका मुख्य अतिथि उपकुलपतिज्यूले विजयी प्रतियोगीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

अन्त्यमा सभाका सभापति शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलले श्री ५ महाराजाधिराज सरकारप्रति शुभकामना चढाउँनु हुँदै विशेषत: प्राध्यापक तथा छात्रहरू शास्त्रको अध्यवसायमा निरन्तर रूपमा लाग्नुपर्दछ भन्नुहुँदै सभाको विसर्जन गर्नुभएको थियो ।

८. अन्तर्राष्ट्रिय संस्कृत कविसम्मेलन

महेन्द्र-संस्कृत-विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको पावन अवसरमा महेन्द्र-संस्कृत-विश्वविद्यालय केन्द्रीय कार्यालय बेलझुण्डी, दाङमा २०५३ चैत्र २२ गते शुक्रबारका दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक अन्तर्राष्ट्रिय संस्कृत कविसम्मेलनको आयोजना गरिएको थियो । नेपाल, भारत र भूटानका गरी जम्मा २१ जना कवि-कवयित्रीहरूले भाग लिएको उक्त कविसम्मेलनवाट संस्कृतका अनुयायीहरूमा लुप्त हुँदै गईरहेको सिर्जनात्मक प्रवृत्तिलाई पुन: उद्वुद्ध पार्न प्रेरणा मिलेको छ । संस्कृतको उत्थान एवं विकासका लागि थप उत्साहको सञ्चार भएको अनुभव गरिएको छ । म. सं. वि. का प्राध्यापक, कर्मचारी एवं विद्यार्थीवर्ग लगायत संस्कृतप्रेमी अन्य विशिष्ट गण्यमान्य व्यक्तित्वहरूको उपस्थिति रहेको यस कार्यक्रमको प्रमुख अतिथिमा महेन्द्र-संस्कृत-विश्वविद्यालयका उपकुलपति श्रीमाधवराज गौतम हुनुहुन्थ्यो । शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो भने उद्घोषण सह-प्रा. श्री वेणीमाधव ढकालज्यूले गर्नुभएको थियो ।

श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव साहित्यिक उपसमितिको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रमको शुरुमा विश्वविद्यालय-विद्यापीठका उप-प्राध्यापकद्वय श्री स्थानेश्वर पौडेल र श्री चतुर्भुज शर्मा पौडेलद्वारा वैदिक मंगलाचरण गरिएको थियो । सो

(अन्तर्राष्ट्रिय संस्कृत कविसम्मेलनको उद्घाटन गर्नुहुँदै उपकुलपतिज्यू)

कार्यक्रममा म. सं. वि. का उपकुलपति एवं समारोहका मुख्य अतिथि श्री माधवराज गौतमवाट विद्याकी अधिष्ठात्री देवी सरस्वतीको तस्वीरमा र श्री ५ महाराजाधिराज तथा श्री ५ वडामहारानी सरकारको तस्वीरमा माल्यार्पण गर्नु भई पानसमा वत्ती वालेर कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो भने प्रा. डा. श्री विष्णुराज आत्रेयले स्वागत भाषण गर्नुभएको थियो । यसपछि कवितावाचनको क्रम प्रारम्भ भयो ।

कवि-कवयित्रीहरूद्वारा वाचित कविताहरू श्री ५ महाराजाधिराजका वंशानु-वर्णनपरक र श्री ५ कै वहुआयामिक व्यक्तित्व झल्काउने खालका थिए भने केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविताहरू धर्म, संस्कृति, राष्ट्रियता एवं शिक्षामा सुधारको आवश्यकता देखाउने खालका थिए।

(मन्तव्य प्रकट गर्नुहुँदै कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालज्यू)

विविध विषयमा आधारित कवितावाचनको कार्यक्रमपश्चात् महेन्द्र-संस्कृत-विश्वविद्यालयका कुलसचिव श्री दत्तात्रेय शर्मा दाहालले श्री ५ को सुस्वास्थ्य, दीर्घायु एवं दीर्घ सुशासनको कामना गर्नु हुँदै "यस कवि सम्मेलनमा कविहरूले व्यक्त गर्नु भएका समसामयिक भावनाहरूलाई हृदयङ्गम गर्नुपर्ने कुरा बताउनुहुँदै कविहरू नै समाजका सुधारक र पथप्रदर्शक हुन्" भन्नुभयो।

सोही अवसरमा मुख्य अतिथि उपकुलपति श्री माधवराज गौतमले सर्वप्रथम श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य, चिरायु एवं मंगलोदयको कामना गरी मन्तव्य व्यक्त गर्नु भएको थियो। (मन्तव्यको पूर्णपाठ परिशिष्ट भागको पेज नं. ७७ मा छ)

त्यपछि म. सं. वि. का उपकुलपति एवं सो समारोहका मुख्य अतिथि श्री माधवराज गौतमले कवि-कवयित्रीहरूलाई प्रमाणपत्र एवं उपहार वितरण गर्नुभयो। यसै अवसरमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वर्ण शुभजन्मोत्सवको पावन अवसरमा गतवर्ष विश्वविद्यालयद्वारा आयोजना गरिएको संस्कृत कविसम्मेलनमा वाचन गरिएका कविताहरूको संग्रह "मधुरिमा" ग्रन्थको विमोचन पनि गर्नुभयो। अन्तमा समारोहका आयोजक सह-प्रा. श्री ठाकुरप्रसाद आचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



(कविसम्मेलनलाई सम्बोधन गर्नुहुँदै शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलज्यू)

सो अवसरमा सभाका सभापति एवं शिक्षाध्यक्ष प्रा. श्री वावुराम पोखेलले श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य, चिरायुष्य एवं दीर्घ सुशासनको लागि हार्दिक कामना गर्नुहुँदै "नेपालमा राजसंस्थाबाट संस्कृत, संस्कृति र राजसंस्थाको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको कुरा बताउनु भयो" र अन्त्यमा सभाको विसर्जन गर्नुभएको थियो । उक्त संस्कृत कविसम्मेलनको आयोजना गर्न सह-प्रा. श्री ठाकुरप्रसाद आचार्यको संयोजकत्वमा समिति गठन गरिएको थियो ।

सोही दिन उक्त सम्मेलनमा भाग लिन पाल्नु भएका कवि-कवयित्रीहरूको सम्मानमा दिउँसो म. सं. वि. का उपकुलपतिज्यूले विशेष जलपान समारोहको आयोजना पनि गर्नुभएको थियो ।

यो संस्कृत कवि सम्मलेनको सम्पूर्ण कार्यक्रम संस्कृतभाषामा सञ्चालित थियो । (कविसम्मेलनमा वाचन गरिएका कविताहरू परिशिष्ट भागको पेज नं. ८०-११५ मा छन्) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड 'ख'

विद्यापीठहरूको कार्यक्रम

विश्वका एकमात्र हिन्दूसम्राट् श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सव भव्यरूपमा मनाउने सन्दर्भमा महेन्द्र-संस्कृत-विश्वविद्यालय अन्तर्गतका सबै विद्यापीठहरूमा विविध कार्यक्रमहरूको आयोजना गरी श्रद्धाभक्तिपूर्वक रजत महोत्सव कार्यक्रमहरू गरिएका थिए। ती कार्यक्रमहरूको विवरण यस प्रकार छ :-

१. पिण्डेश्वर विद्यापीठ, धरान १४, सुनसरी

यस विद्यापीठमा २०५३।९।१० गते विद्यापीठ परिषद्को बैठक बसी गद्दीआरोहण रजत महोत्सव विभिन्न कार्यक्रम गरी मनाउन सह-प्रा. श्री गोविन्दप्रसाद कोइरालाज्यूको संयोजकत्वमा सात सदस्यीय गद्दीआरोहण रजत महोत्सव समिति गठन गरिएको थियो।

उक्त समितिले देहाय अनुसारका कार्यक्रमहरू सञ्चालन गर्‍यो :-

पूजापाठ कार्यक्रम

पूजापाठ कार्यक्रम अन्तर्गत २०५३।१०।७ गते धरानस्थित सिद्धपीठ दन्तकालीदेवीको मन्दिरमा भगवतीको विशेष पूजा-आराधना, सप्तशतीपाठ र पिण्डेश्वर मन्दिरमा वाराहपुराणको पारायण, रुद्राभिषेक, पिण्डेश्वर भगवान्‌को विशेष पूजा-अर्चना गरी श्री ५ को दीर्घायुको कामना गरिएको थियो। वरिष्ठ विद्वान् पं. श्री छविलाल पोखेल, पूर्व शिक्षाध्यक्ष पुरुषोत्तम भट्टराई लगायतका १२ जना विद्वान् ब्राह्मणहरूले सो अवसरमा पूजापाठ गर्नु गराउनु भएको थियो भने कर्मचारी, छात्रछात्रा एवं प्राध्यापकहरूको पनि पूजा समारोहमा उपस्थिति रहेको थियो।

खेलकुद कार्यक्रम :

२०५३।१०।९ गते विद्यार्थीहरूका बीच कक्षागतरूपमा प्रतियोगितात्मक भलिबल खेल खेलाइयो। यसमा शास्त्री द्वितीय वर्ष (टोली नं. ३) प्रथम भएको थियो र यसका टोली नेता श्री पुरुषोत्तम भट्टराई हुनुहुन्थ्यो। यसैगरी द्वितीय हुनेमा उत्तरमध्यमा द्वितीयवर्ष (टोली नं. २) थियो र टोली नेता श्री दयासागर ढुंगेल हुनुहुन्थ्यो। आचार्य द्वितीय वर्ष (टोली नं. ४) तृतीय भएको थियो, यस टोलीका नेता श्री भवानीशङ्कर भट्टराई हुनुहुन्थ्यो। विशेष खेलाडीको रूपमा शास्त्री प्रथमवर्षका छात्र श्री भानुभक्त गौतम छानिनु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाजिरी जवाफ कार्यक्रम

रजत महोत्सवकै उपलक्ष्यमा २०५३।१०।१० गते विद्यापीठका सबै विद्यार्थीहरूका बीच हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। सो कार्यक्रममा समूह नं. १० प्रथम, समूह नं. ६ द्वितीय र समूह नं. १५ तृतीय भएका थिए। उक्त टोलीका टोलीनायकमा क्रमशः श्रीयामप्रसाद पोखेल, श्री पुण्य खतिवडा र श्री चिरञ्जीवी दाहाल रहनुभएको थियो।

भलिवल

२०५३।१०।११ गते शुक्रवार विद्यापीठका प्राध्यापक र कर्मचारीहरूका बीच प्रतियोगितात्मक भलिवल खेलको आयोजना गरिएको थियो। जसमा वंशीधर कट्टेल टोली नेता रहेको प्राध्यापकको टोली प्रथम र पुरुषोत्तम सुवेदी टोली नेता रहेको कर्मचारीको टोली द्वितीय भएको थियो।

महिला दौड

यसै दिन विद्यापीठका महिला कर्मचारीहरूका बीच १०० मीटरको दौड कार्यक्रम पनि सम्पन्न भएको थियो। यस कार्यक्रममा श्रीमती कमला पोखेल प्रथम, श्रीमती शिवकुमारी खनाल द्वितीय र श्रीमती तारा ढुंगेल तृतीय हुनुभएको थियो।

साहित्यिक कार्यक्रम

सोही दिन विद्यापीठका विद्यार्थीहरूको सहभागितामा विभिन्न साहित्यिक कार्यक्रमहरू आयोजना गरिए। कार्यक्रममा सहभागी विद्यार्थीहरूले संस्कृत र नेपाली भाषामा छुट्टाछुट्टै कविताहरू वाचन गरेका थिए। यसरी नै लेखरचना तर्फ "हिन्दूराष्ट्र नेपाल" "संस्कृत शिक्षामा राजसंस्थाको योगदान" एवं "श्री ५ वीरेन्द्र" नामक पूर्वनिर्धारित शीर्षकहरूमा निबन्धहरू प्रस्तुत गरिएका थिए। ती कार्यक्रमहरूमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार पाउने विद्यार्थीहरूको नाम यस प्रकार छ।

संस्कृत कवितातर्फ

१.	प्रथम, श्री गुरुप्रसाद कोइराला	आचार्य द्वितीय वर्ष
२.	द्वितीय, श्री पुण्यप्रसाद घिमिरे	आचार्य प्रथम वर्ष
३.	तृतीय, श्री रामप्रसाद घिमिरे	शास्त्री द्वितीय वर्ष
४.	सान्त्वना, श्री भवानीशङ्कर भट्टराई	आचार्य द्वितीय वर्ष

नेपाली कवितातर्फ

१.	प्रथम, श्री दीपक पराजुली	आचार्य प्रथम
२.	द्वितीय, श्री गोपीकृष्ण खतिवडा	आचार्य प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. तृतीय, श्री भवानीशङ्कर भट्टराई आचार्य द्वितीय

४. सान्त्वना, श्री शुभाकर खतिवडा आचार्य द्वितीय

निबन्धतर्फ

	स्थान	नाम	शीर्षक	कक्षा
१.	प्रथम	श्री अम्बरराज ढकाल	हिन्दूराष्ट्र नेपाल	उत्तरमध्यमा द्वितीय
२.	द्वितीय	श्री हरिप्रसाद कोइराला	हिन्दूराष्ट्र नेपाल	उत्तरमध्यमा द्वितीय
३.	तृतीय	श्री सुभाषचन्द्र न्यौपाने	राष्ट्रनायक श्री ५ वीरेन्द्र	शास्त्री प्रथम
४.	सान्त्वना	श्री रामप्रसाद घिमिरे	संस्कृत शिक्षामा राज-- संस्थाको योगदान	शास्त्री द्वितीय

समापन समारोह

रजत महोत्सवका सन्दर्भमा माघ ११ गते नै पिण्डेश्वर विद्यापीठका संस्थापक सदस्य एवं तत्कालीन प्रधानाचार्य वरिष्ठ विद्वान् पं. श्री छविलाल पोखेलको सभापतित्वमा समापन समारोहको आयोजना गरिएको थियो। वैदिक मंगलाचरणबाट प्रारम्भ भएको उक्त कार्यक्रममा सह-प्राध्यापक श्री नारायणप्रसाद कट्टेलज्यूले स्वागत भाषण गर्नुहुँदै वैदिक कालदेखि नै नेपालमा राजसंस्थाको सर्वतोभावेन महत्त्व रहेको बताउनु भयो। मन्तव्यको क्रममा स्व. वि. यू. सचिव श्री गोपीकृष्ण खतिवडा, कर्मचारी श्री पुरुषोत्तम सुवेदी र प्राध्यापक श्री टीकाप्रसाद वस्तीले देशमा राजा र प्रजाबीच अन्योन्याश्रित सम्बन्ध रहेको वताउँदै राजसंस्थाप्रतिका विविध विचारहरू प्रकट गर्नुभएको थियो। यसै क्रममा प्राचार्य श्री नारायणदत्त पौडेलज्यूले नेपालको विकासमा शाहवंशीय राजाहरूको महत्त्वपूर्ण योगदान रहेको कुराको विवेचना गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा रजतमहोत्सव समितिका संयोजक सह-प्रा. श्री गोविन्दप्रसाद कोइरालाज्यूले सहभागी सबैमा धन्यवाद ज्ञापन गर्नु भएको थियो भने सो समारोहका सभापति पं. छविलाल पोखेलज्यूले राजसंस्थाको महत्त्वमाथि प्रकाश पार्नु भै सभाको विसर्जन समेत गर्नुभएको थियो।

पत्रिका प्रकाशन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवका अवसरमा पिण्डेश्वर विद्यापीठको पूर्वाञ्चल-क्षेत्रीय-शास्त्रानुसन्धान परिषद्द्वारा "मर्यादा" पत्रिकाको विशेषाङ्क प्रकाशन गरिएको थियो। प्राचार्य श्री नारायणदत्त पौडेलको संयोजकत्वमा उक्त पत्रिका प्रकाशन भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(शिलान्यास गर्नुहुँदै श्रीमान् उपकुलपति माधवराज गौतमज्यू)

शिक्षण भवनको शिलान्यास

महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गतको धरानस्थित पिण्डेश्वर विद्यापीठमा २०५४।१।२० गते विद्यापीठ निरीक्षणको क्रममा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्री माधवराज गौतमज्यूले एक समारोहका बीच विद्यापीठ-शिक्षणभवनको वैदिक विधिअनुसार शिलान्यास गर्नुभयो ।

यस अवसरमा विद्यापीठका प्राचार्य, प्राध्यापक, कर्मचारी एवं छात्रछात्राहरू लगायत स्थानीय समाजसेवी तथा बुद्धिजीवीहरूको पनि उपस्थिति थियो ।

तत्पश्चात् विद्यापीठका प्राचार्य श्री नारायणदत्त पौडेलज्यूको सभापतित्वमा सम्पन्न समारोहमा उपकुलपतिज्यूले 'संस्कृतको पठन-पाठनको आफ्नै खालको शैली बनिसकेको छ र यो अद्वितीय पनि छ । यो परम्परालाई अक्षुण्ण राख्दै अध्ययन र रोजगारीका अवसर प्रदान गर्न एवं समयसापेक्षरूपमा संस्कृतभित्र रहेका ज्ञानराशिलाई बाहिर ल्याउनु संस्कृतसँग सम्बद्ध हामी सबैको कर्तव्य भएको छ' भन्नुभयो । मन्तव्य प्रकट गर्नेहरूमा प्रा. श्री टीकाप्रसाद वस्ती, या.ल.ना. का प्राचार्य श्री कार्तिकेय झा, डा. विष्णुराज आत्रेय, ने. प्रा. सं. पि. वि. ए. स. का अध्यक्ष श्री नारायणप्रसाद कट्टेल, कर्मचारी संघ पि. वि. ए. स. का अध्यक्ष श्री पुरुषोत्तम सुवेदी, स्व. वि. यू उपसभापति श्रीं सोमनाथ सुवेदी र छात्र गोपीकृष्ण खतिवडा हुनुहुन्थ्यो । अन्त्यमा प्राचार्य एवं समारोहका सभापति श्री नारायणदत्त पौडेलले उपकुलपतिज्यूप्रति आभार व्यक्त गर्दै सभा विसर्जन गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) हजारीजनक विद्यापीठ, जनकपुरधाम

भवन उद्‌घाटन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा २०५३ मार्ग ७ गते प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले हजारीजनक विद्यापीठको नवनिर्मित शिक्षण भवनको उद्‌घाटन गर्नुभयो ।



(शिक्षणभवनको उद्‌घाटन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू)



(मन्तव्यको क्रममा बोल्नुहुँदै राष्ट्रियसभाका सांसद श्रीविदुरप्रसाद पौडेलज्यू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्‌घाटन मन्तव्यको क्रममा राष्ट्रिय सभाका सांसद श्री विदुरप्रसाद पौडेलले जनकपुरस्थित ज्ञानकूपको र संस्कृत शिक्षाको ऐतिहासिक महत्त्व रहेको चर्चा गर्नुहुँदै यस क्षेत्रमा रहेको संस्कृत विद्यापीठको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सबैको दायित्व हो भन्नुभयो ।

यसरी नै म. सं. वि. का तत्कालीन नि. उपकुलपति श्री माधवराज गौतमले वर्तमान समयमा संस्कृतशिक्षाको महत्त्वमाथि प्रकाश पार्दै विश्वविद्यालयको भावी स्वरूपका बारेमा चर्चा गर्नुभएको थियो ।



(शिक्षणभवनको उद्‌घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै नि. उपकुलपति माधवराज गौतमज्यू)

स्वागत भाषण या. ल. ना. विद्यापीठका भू. पू. प्राचार्य श्री बालकृष्ण उपाध्यायले गर्नुभएको थियो भने प्रधानमन्त्री एवं समारोहका प्रमुख अतिथिको अभिनन्दन या. ल. ना. विद्यापीठका प्राचार्य श्री कार्तिकेय झाले गर्नुभएको थियो । विद्यापीठको प्रगतिविवरण सो विद्यापीठका प्राचार्य श्री भीमनाथ वियोगीले प्रस्तुत गर्नुभएको थियो ।

सो नव उद्‌घाटित भवन जनकपुर निवासी श्री हजारी साहूले रू. १५,००,०००।- (अक्षरेऽपि पन्ध्र) लाखको लागतमा आफ्नै खर्चमा निर्माण गरी विद्यापीठलाई हस्तान्तरण गर्नुभएको हो । समारोहको सभापतित्व दाता श्री हजारी साहूले नै गर्नुभएको थियो । (प्र.म. श्री शेरबहादुर देउवाज्यूको उद्‌घाटन भाषणको पूर्णपाठ परिशिष्ट भागको पेज नं. ११६ मा छ)

कविता प्रतियोगिता

रजत महोत्सवका उपलक्ष्यमा सो विद्यापीठमा २०५३।९।११ गते कविता प्रतियोगिताको आयोजना गरिएको थियो । विद्यापीठ सहयोग समितिका सदस्य श्री रामचन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाकुरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा १८ जना छात्रछात्राहरूले कविता पाठ गरेका थिए। श्री अनिरुद्ध धमला, श्री सुमनबाबु भण्डारी र सुश्री रचना शर्मा क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए भने सान्त्वना पुरस्कार श्री मनोज काफ्लेले प्राप्त गरेका थिए। यस कार्यक्रममा अप्रतियोगी कविहरूले पनि कविता वाचन गर्नुभएको थियो। कार्यक्रममा स्वागत भाषण गर्नुहुँदै उप-प्रा. श्री भेषराज अर्यालले श्री ५ को व्यक्तित्वमाथि प्रकाश पार्नुभएको थियो। प्रमुख अतिथि श्री रामचन्द्र ठाकुरले श्री ५ महाराजाधिराजको व्यक्तित्व र राजपरम्परा सम्बन्धी कुरामा प्रकाश पार्दै विद्यार्थी जीवनमा अनुशासनको महत्त्व रहेको कुरा बताउनु भयो। सभापतिको आसनबाट प्राचार्य श्री भीमनाथ वियोगीले श्री ५ को व्यक्तित्वको चर्चा गर्दै साहित्यले जीवनलाई नै परिष्कृत पार्दछ भन्नुहुँदै अन्त्यमा सभा विसर्जन गर्नुभयो।

पूजापाठ कार्यक्रम

२०५३।९।१९ गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा स्तोत्रपाठ आदि गरी श्री ५ को दीर्घायु, सुस्वास्थ्यको कामना गरियो। पं. श्री. अनन्तनारायण भट्टराईले पूजा अर्चनाको कार्यक्रम सम्पन्न गर्नुभएको थियो।

३) याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, मटिहानी, महोत्तरी

शतचण्डी महायज्ञको आयोजना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा यस विद्यापीठमा २०५३।२।१२ गते श्री ५ को सुस्वास्थ्य, दीर्घायु एवं मंगलकामनाका लागि शतचण्डी महायज्ञको शुभारम्भ गरियो। विद्वान् ब्राह्मणहरूद्वारा शतचण्डीविधानानुसार शतचण्डीपाठ गरिएको थियो। सो यज्ञको पूर्णाहुति तत्कालीन शिक्षाध्यक्ष श्री माधवराज गौतमले २०५३ जेष्ठ १९ गते गर्नुभएको थियो। सो यज्ञका आचार्यमा कामेश्वर विश्वविद्यालय, दरभंगा, भारतका सम्मानित प्राध्यापक श्री विन्देश्वर झा रहनु भएको थियो।

यज्ञको समायोजन प्राचार्य श्री कार्तिकेय झा र ने. प्रा.सं.या.ल.ना. विद्यापीठ एकाइ समितिका सभापति उप-प्रा. श्री ताराकान्त झाले गर्नुभएको थियो।

विविध कार्यक्रमहरूको आयोजना

रजत महोत्सवकै उपलक्ष्यमा उक्त विद्यापीठका विद्यार्थीहरूका बीचमा विविध खेलकुद, साहित्यिक कार्यक्रम गरिनुका साथै उक्त दिनहरूमा दीपावली पनि गरिएको थियो। त्यसको व्यवस्था प्राचार्य श्री कार्तिकेय झा र सहा-प्र. अवधेशकुमार वर्मा गर्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४) वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग, काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा दीर्घायु, सुस्वास्थ्य र मंगलोदयको कामना गरी कविता प्रतियोगिता गराइएको थियो ।

श्री ५ वीरेन्द्र गद्दीआरोहण रजतमहोत्सव-विशेषाङ्कका रूपमा मध्यमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद्ले 'मर्यादा' पत्रिकाको प्रकाशन गरेको छ । पत्रिका प्रकाशन कार्य प्राचार्य श्री नीलमणि ढुंगानाको संयोजकत्वमा गठित समितिले सुसम्पन्न गरेको थियो ।

५) श्री भानु संस्कृत विद्यापीठ, चुंदी, तनहुँ

कविता प्रतियोगिता

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा तनहुँ जि. वि. स. का सभापति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यमा पौष १२ गते सो विद्यापीठको स्व. वि. यू. तदर्थ समितिको आयोजनामा अन्तरक्याम्पस कविता प्रतियोगिता कार्यक्रमको आयोजना गरियो । तनहुँ जिल्लाका ४ वटा क्याम्पसका ८ जना छात्रहरू र ४ जना छात्राहरूले भाग लिएको उक्त कार्यक्रम स्व. वि. यू. सभापति श्री ऋषि आचार्यको सभापतित्वमा भएको थियो । कार्यक्रममा आदिकवि भानुभक्त बहुमुखी क्याम्पस, दमौलीका छात्र श्री शङ्करराज नहर्कि प्रथम, भानुसंस्कृत विद्यापीठकी छात्रा सावित्रा आचार्य द्वितीय, आदिकवि भानुभक्त वहुमुखी क्याम्पस, दमौलीका छात्र श्री शरद पौडेल तृतीय भएका थिए भने श्री लक्ष्मीनाथ श्रेष्ठ र हृदयनाथ आचार्यले सान्त्वना पुरस्कार पाउनुभएको थियो ।

प्रमुख अतिथि श्री रामचन्द्र पौडेलले विजयी छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्नुहुँदै श्री ५ महाराजाधिराज सरकारको दीर्घायु, सुस्वास्थ्यको मंगलकामना गर्दै आदिकवि भानुभक्तको जन्मस्थल चुंदी, रम्घामा स्थापना भएको यस विद्यापीठले नेपाली भाषा र साहित्यको उत्थानमा पनि योगदान पुऱ्याउनु पर्दछ भन्नुभयो । प्राचार्य डा. व्रतराज आचार्यले श्री ५ को व्यक्तित्वमाथि प्रकाश पार्दै संस्कृत शिक्षालाई समयानुकूल ढंगबाट अघि बढाउनु पर्ने कुरामा जोड दिंदै छात्रहरूले बाहिरी क्रियाकलापमा सरिक भई रचनात्मक कार्यमा पनि अघि बढ्नु पर्दछ भन्नुभयो । भानुजन्मस्थल विकास समितिका अध्यक्ष श्री रामचन्द्र शर्मा पौडेल, सचिव श्री पेषनाथ न्यौपाने, आदिकवि भानुभक्तका प्रपौत्र श्री सूर्यनाथ आचार्य र श्री मुक्तिनाथ आचार्य, भानु गा. वि. स. का अध्यक्ष श्री श्रीभक्त आचार्य लगायतका वक्ताहरूले पनि मन्तव्य प्रकट गर्नुभएको थियो ।

६) श्री बिन्दुवासिनी संस्कृत विद्यापीठ, भीमकालीपाटन, पोखरा

कविता प्रतियोगिता

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा मिति २०५३।९।१२ गते विद्यार्थीहरूका बीचमा कविता प्रतियोगिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रमको आयोजना गरियो । विद्यापीठ सञ्चालक समितिका अध्यक्ष श्री लीलाभक्त आचार्यले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारको तस्वीरमा माल्यार्पण गरी कार्यक्रमको प्रारम्भ गर्नु भएको थियो । साहित्यिक कार्यक्रममा ११ जना छात्रछात्राहरूले भाग लिएका थिए । समारोहमा विशेष गरेर राष्ट्र, राजभक्ति, संस्कृत र संस्कृतिपरक कविताहरू वाचन गरिएका थिए भने युवा कवि श्री तीर्थ श्रेष्ठले नतिजाको घोषणा गर्नु भएको थियो । सो प्रतियोगितामा श्री करूण शीतव प्रथम, श्री लभ गाउँले द्वितीय र श्री रमेश पौडेलले तृतीय स्थान प्राप्त गरेका थिए ।

सो अवसरमा विद्यापीठका प्राचार्य श्री श्रीराम बरालले श्री ५ को व्यक्तित्वमाथि प्रकाश पार्दै छात्रहरूले आफूभित्र लुकेका भावनाहरूलाई अतिरिक्त क्रियाक्लापको माध्यमबाट व्यक्त्याउनु पनि अध्ययनको प्रकार हो भन्नुभयो ।

खेलकुद कार्यक्रम

रजत महोत्संवकै उपलक्ष्यमा २०५३।९।१३ गते ज्यौतिषसमूह र साहित्यसमूहका बीच भलिवल प्रतियोगिता आयोजना गरियो । प्रतियोगितामा साहित्यसमूह प्रथम भयो भने ज्यौतिषसमूहले द्वितीय स्थान प्राप्त गऱ्यो । साहित्यसमूहका टोलीनेता श्री कमलराज सापकोटा र ज्यौतिषसमूहका श्री कृष्णराज तिवारी रहनुभएको थियो । यस खेलमा श्री डिल्लीराम पौडेल उत्कृष्ट खेलाडीका रूपमा छानिनुभएको थियो ।

पूजापाठ कार्यक्रम

मिति २०५३।९।१४ गते भवानी बिन्दुवासिनी देवीको मन्दिरमा विद्यापीठका प्राचार्य, प्राध्यापक, कर्मचारी, विद्यार्थी, एवं व्यवस्थापन समितिका पदाधिकारीहरू सम्मिलित भै श्रीदुर्गा भवानीको पूजा अर्चना गरी मौसूफको सुस्वास्थ्य, दीर्घायु एवं मंगलोदयको कामना गरिएको थियो ।

७) रुरु संस्कृत विद्यापीठ, रिडी, गुल्मी

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा यस विद्यापीठमा विविध कार्यक्रमको आयोजना गरी भव्यरूपमा मनाइयो ।

खेलकुद कार्यक्रम

२०५३।९।१० गते छात्रछात्रबीच र छात्राछात्राबीच प्रतियोगितात्मक भलिबल खेल भएको थियो । छात्रतर्फ श्री शालिकराम पाण्डेय टोली नेता रहेको समूह प्रथम भएको थियो भने छात्रातर्फ मुना ज्ञवाली टोली नेता रहेको समूह प्रथम भएको थियो । प्रशिक्षक श्री श्यामप्रसाद सुवेदीज्यूको संयोजकत्वमा गठित समितिद्वारा उक्त कार्यक्रमको सञ्चालन गरिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजापाठ कार्यक्रम

श्री ५ को सुस्वास्थ्य, दीर्घायु एवं मङ्गलोदयको कामना गरी मिति २०५३।१०।१० गते पाल्पा रिर्डीस्थित भगवान् हृषिकेशको मन्दिरमा ८ जना विद्वान् ब्राह्मणहरूद्वारा श्रीमद्भागवत एकाहपाठ सम्पन्न गरिएको थियो। सो कार्यक्रममा प्राध्यापक, विद्यार्थी, कर्मचारी, स्थानीय बुद्धिजीवी, व्यापारी, कल्पवासी भक्तजन एवं श्रद्धालु महानुभावहरूको उपस्थिति रहेको थियो।

प्रवचन तथा वक्तृत्वकला प्रतियोगिता

मिति २०५३।१०।२४ गते "नेपालमा राजतन्त्रको महत्त्व" विषयमा विद्यार्थीहरूका बीचमा वक्तृत्वकला प्रतियोगिता तथा "संस्कृत शिक्षाको समुन्नतिमा राजसंस्थाको योगदान" शीर्षकमा प्राध्यापकहरूबाट प्रवचन कार्यक्रम सम्पन्न गरिएको थियो। वैदिक मङ्गलाचरणबाट शुरू भएको उक्त कार्यक्रममा स्वागत भाषण उप-प्राध्यापक श्री नवराज पाण्डेयले गर्नु भएको थियो। वक्ताको रूपमा उप-प्रा. द्वय श्री मुरलीमोहन वाँस्तोला र श्री दुर्गाप्रसाद घिमिरे हुनुहुन्थ्यो। मुख्य अतिथि गुल्मी जि. वि. स. का सभापति श्री चन्द्र के. सी. रहनु भएको थियो भने अन्य वक्ताहरूमा जि. वि. स. सदस्य श्री पद्मपाणि पन्थी, ने. वि. सं. जि. अध्यक्ष श्री महेन्द्र भण्डारी, उपप्राध्यापक श्री गणेश पाण्डेय र श्री वीरेन्द्रकुमार पनि हुनुहुन्थ्यो। प्राचार्य श्री श्रीराम सापकोटाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सहा-प्रा. श्री केशवमणि घिमिरेले धन्यवाद ज्ञापन गर्नुभएको थियो। वक्तृत्वकलामा ११ जना विद्यार्थीहरूले भाग लिएका थिए। विजयी छात्रछात्राहरूलाई गुल्मी जि. वि. स. सभापति एवं यस समारोहका प्रमुख अतिथि श्री चन्द्र के. सी. ले पुरस्कार वितरण गर्नुभएको थियो।

पत्रिकाप्रकाशन कार्यक्रम

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवका अवसरमा पश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद्द्वारा 'मर्यादा' पत्रिकाको विशेषाङ्क प्रकाशन गरिएको छ। पत्रिका प्रकाशनका लागि प्राचार्य श्रीराम सापकोटाको संयोजकत्वमा गठित समितिले प्रकाशनको कार्य सुसम्पन्न गरेको थियो।

छात्रावास भवनको उद्घाटन

२०५४।१।२२ गते महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गत गुल्मी जिल्लाको रुरु संस्कृत विद्यापीठको हाताभित्र नवनिर्मित छात्रावास भवनको म. सं. वि. का उपकुलपति श्री माधवराज गौतमज्यूले एक समारोहकाबीच उद्घाटन गर्नुभयो। यसै अवसरमा विद्यापीठका प्राचार्य श्री श्रीराम सापकोटाको अध्यक्षतामा सभाको आयोजना गरिएको थियो। सभालाई सम्बोधन गर्दै हाम्रो प्राचीन संस्कृतको परम्पराका साथै वर्तमान समयानुकूल चल्न सक्ने खालको शिक्षाको विकास गर्नमा विश्वविद्यालय लागिरहेको छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा संलग्न प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले पनि यसको उन्नति र विकासमा आफ्नो बलबुद्धि लगाउनु पर्ने कुरामा जोड दिनुभयो साथै नव उद्घाटित छात्रावासले यस विद्यापीठको र संस्कृत क्षेत्रमा नै टेवा पुग्न सक्ने विचार व्यक्त गर्नुभयो ।



(छात्रावास भवनको समुद्घाटन गर्नुहुँदै श्रीमान् उपकुलपतिज्यू)



(छात्रावास भवनको समुद्घाटन पश्चात् सभालाई सम्बोधन गर्नुहुँदै श्रीमान् उपकुलपतिज्यू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्पश्चात् संस्कृत कवि परिषद्का अध्यक्ष डा. विष्णुराज आत्रेयज्यूको अध्यक्षतामा कवि गोष्ठी सम्पन्न भएको थियो र अन्त्यमा कवि परिषद्का संरक्षक एवं म.सं.वि. का उपकुलपतिज्यूले कविता वाचन गर्ने कविहरूलाई सम्मान गर्नुभएको थियो । मन्तव्यको क्रममा ने.प्रा.स. ए.स. का अध्यक्ष श्री गणेश पाण्डेय, डा. विष्णुराज आत्रेय, क.सं.ए.स. का अध्यक्ष मोहनीलाल नेपाल र स्व.वि.यू. सभापति शालिकराम पाण्डेय हुनुहुन्थ्यो । अन्तमा सभापतिको आसनबाट विद्यापीठका प्राचार्य श्री श्रीराम सापकोटाले उपकुलपतिज्यू प्रति आभार व्यक्त गर्दै सभा विसर्जन गर्नुभएको थियो । राति सास्कृतिक कार्यक्रमको आयोजना गरी कार्यक्रम सुसम्पन्न भएको थियो । यस अवसरमा वाचित कविता परिशिष्ट भागको पेज नं. ११७ मा छन् ।

८) जनता विद्यापीठ विजौरी, दाङ

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी भव्य रूपमा मनाइएको थियो ।

खेलकुद कार्यक्रम

मिति २०५३ पौष १२ गते छात्र तथा छात्राहरूबीच छुट्टाछुट्टै भलिवल खेलको आयोजना गरिएको थियो । सो खेलमा छात्रतर्फ श्री रेमलाल मरासिनीको टोली प्रथम भएको थियो भने छात्रातर्फ सरिता गौतमको टोली प्रथम भएको थियो । छात्रहरूमा श्री मनबहादुर वलीको टोली द्वितीय भएको थियो ।

प्रवचन कार्यक्रम

मिति २०५३।९।१४ गते निमित्त प्राचार्य श्री लोकमणि देवकोटाको सभापतित्वमा प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । सो अवसरमा बोल्दै सह-प्राध्यापक श्री विष्णुप्रसाद देवकोटा र श्री गदाधर पोखेलले मौसूफको सुस्वास्थ्य, दीर्घायु एवं सुशासनको कामनाका साथै श्री ५ को वहुआयामिक व्यक्तित्वको बारेमा पनि प्रष्ट पार्नुभएको थियो ।

यसै दिन छात्रछात्राहरूका बीच कविता प्रतियोगिताको पनि आयोजना गरिएको थियो । यस प्रतियोगितामा सुश्री यमुना पोखेल प्रथम, श्री बलदेव पोखेल द्वितीय, श्री नारायणप्रसाद पोखेल तृतीय र सुश्री प्रमिला पोखेलले सान्त्वना पुरस्कार प्राप्त गर्नु भएको थियो ।

जनता विद्यापीठ, विजौरी दाङमा रजत महोत्सवको उपलक्ष्यमा 'हैमप्रभा' पत्रिका प्रकाशन भएको थियो र यसको समायोजन प्राचार्य डा. श्री भोजराज पन्तले गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९. शारदा विद्यापीठ महेन्द्रनगर, कञ्चनपुर

छात्रावास भवनको समुद्घाटन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवका उपलक्ष्यमा २०५३ साल ज्येष्ठ ८ गते सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले शारदा विद्यापीठ महेन्द्रनगरको हाताभित्र आठलाख रूपैयाँको लागतमा निर्मित ५ कोठे छात्रावास भवनको एक समारोहका बीच समुद्घाटन गर्नुभयो ।



(छात्रावासको उद्घाटनपछि सभालाई सम्बोधन गर्नुहुँदै प्र.म. श्री शेरबहादुर देउवाज्यू)

(मन्तव्यको क्रममा तात्कालिक शिक्षाध्यक्ष श्रीमाधवराज गौतमज्यू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त अवसरमा राज्यमन्त्री श्री शरदसिंह भण्डारीले संस्कृत भाषाले हिन्दु धर्म र संस्कृतिको संरक्षण गर्ने काममा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्नुभयो ।

उक्त समारोहमा महेन्द्र-संस्कृत-विश्वविद्यालयका शिक्षाध्यक्ष श्री माधवराज गौतमले छात्रावासको निर्माणबाट यस विद्यापीठका छात्रहरूलाई आवासीय सुविधा पुग्न जानेछ भन्नुहुँदै शैक्षिक एवं सांस्कृतिक क्षेत्रको विकासमा यस विद्यापीठले अग्रणी भूमिका खेल्न सक्नु पर्ने विचार व्यक्त गर्नुभएको थियो । सो समारोहका मुख्य अतिथि सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले उद्घाटन भाषणको क्रममा सुदूर पश्चिमाञ्चल क्षेत्रमा अवस्थित यस विद्यापीठले यस क्षेत्रको शैक्षिक जागरणमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने कुरा बताउनु भयो ।

उक्त सभाको सभापतित्व विद्यापीठ सहयोग समितिका अध्यक्ष तथा नेपाली कांग्रेस जिल्ला समिति कञ्चनपुरका सभापति श्री अनन्तराम भट्टले गर्नुभएको थियो भने समारोहलाई प्राचार्य श्री श्रीधर पन्त र श्री बलराम चटौत लगायतका वक्ताहरूले सम्बोधन गर्नुभएको थियो ।

विचार गोष्ठीको आयोजना

सुदूरपश्चिमाञ्चल क्षेत्रस्तरीय शास्त्रानुसन्धान परिषद्को आयोजनामा २०५३ श्रावण १५ गते गुरुपूर्णिमाका दिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा शारदा विद्यापीठ, कञ्चनपुरमा एक विचार गोष्ठीको आयोजना गरिएको थियो ।

विचार गोष्ठीमा पुनरावेदन अदालत, महेन्द्रनगरका न्यायाधीश श्री अर्जुनप्रसाद सिंह प्रमुख अतिथि हुनुहुन्थ्यो भने उक्त विचारगोष्ठीमा श्री बलराम चटौत, डा. श्री देवीप्रसाद ओझा, डा. श्री टेकराज पन्त, श्री पुष्करराज ओझा, श्री प्रेमनिधि ज्ञवाली र श्री स्थानेश्वर भट्टले आ-आफ्ना विचारहरू व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा अन्तरविद्यापीठ निबन्ध प्रतियोगितामा भाग लिई प्रथम र द्वितीय हुने छात्रहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

सो विचार गोष्ठी सु. प. शास्त्रानुसन्धान परिषद्का अध्यक्ष तथा प्राचार्य श्री श्रीधर पन्तको सभापतित्वमा सम्पन्न भएको थियो ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी-आरोहण रजत महोत्सव कार्यक्रम सम्पन्न

शारदा विद्यापीठ, महेन्द्रनगर कञ्चनपुरमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५२ औं शुभजन्मोत्सव एवं गद्दीआरोहण रजत महोत्सव मिति २०५३।९।१० गतेदेखि १८ गतेसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरी उल्लासमय वातावरणमा मनाइयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रमानुसार पौष १० गते विद्यापीठका छात्रछात्राहरूका बीचमा भलिबल प्रतियोगिता र कुर्सीदौड प्रतियोगिताको आयोजना गरिएको थियो । त्यस्तै पौष ११ गतेका दिन खेलकुद कार्यक्रम अन्तर्गतको घैटोफोड़ खेलको आयोजना गरिनुका साथै विद्यापीठस्तरीय छात्रहरूका बीच हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो । त्यस्तै सोही दिन छात्रहरूकै बीचमा संस्कृत श्लोकान्त्याक्षरी प्रतियोगिताको आयोजना पनि सम्पन्न गरिएको थियो ।

मिति २०५३ पौष १३ गतेका दिन अन्तरक्याम्पस वक्तृत्वकला प्रतियोगिता र कविता प्रतियोगिताको आयोजना गरिएअनुसार उक्त दुवै प्रतियोगिताहरू महेन्द्रनगर नगरपालिकाको सभाकक्षमा सम्पन्न भएका थिए । सोही अवसरमा उक्त विद्यापीठबाट शुभजन्मोत्सव तथा गद्दीआरोहण महोत्सवका सन्दर्भमा समायोजित प्रतियोगितात्मक विभिन्न कार्यक्रमहरूका विजयी छात्रछात्राहरूलाई समारोहमा आमन्त्रित विभिन्न महानुभावहरूले पुरस्कार तथा प्रमाणपत्रहरू वितरण गर्नुभएको थियो ।

समारोहका प्रमुख अतिथि शारदा विद्यापीठ विकास समितिका अध्यक्ष एवं नेपाली कांग्रेस जिल्ला कार्यसमितिका अध्यक्ष श्री अनन्तराम भट्ट हुनुहुन्थ्यो भने अन्य वक्ताहरूमा डा. देवीप्रसाद ओझा, श्री बलराम चटौत, श्री रमेश लेखक समेत हुनुहुन्थ्यो । सभाको सभापतित्व विद्यापीठका प्राचार्य श्री श्रीधर पन्तले गर्नुभएको थियो ।

पौष १४ गते स्थानीय सिद्धनाथ मन्दिरमा श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य, दीर्घायुष्य तथा दीर्घसुशासनको हार्दिक कामना गरी विशेष पूजाआजासमेत गरिएको थियो । उपर्युक्त सबै दिन बेलुकी विद्यापीठमा दीपावली पनि गरिएको थियो ।

प्रवचन गोष्ठीको आयोजना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दीआरोहण रजत महोत्सवको अवसरमा मिति २०५३ माघ २४ गतेका दिन शारदा विद्यापीठ, महेन्द्रनगरको आयोजनामा महेन्द्रनगर नगरपालिकाको सभाकक्षमा प्रवचन गोष्ठी आयोजित गरिएको थियो । उक्त प्रवचन गोष्ठीमा विभिन्न महानुभावहरूले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारका अतुलनीय योगदानहरूको विस्तृत रूपमा चर्चा गर्नुभएको थियो ।

सो प्रवचन गोष्ठी शारदा विद्यापीठ, महेन्द्रनगरका प्राचार्य श्री श्रीधर पन्तको सभापतित्वमा सम्पन्न भएको थियो ।

पत्रिकाप्रकाशन कार्यक्रम

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवका अवसरमा शारदा विद्यापीठस्थित सुदूरपश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद्द्वारा 'मयार' पत्रिकाको विशेषाङ्क प्रकाशन गरिएको थियो । प्राचार्य श्री श्रीधर पन्तको संयोजकत्वमा विशेषाङ्क प्रकाशन भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजसंस्था

- प्रा. राधाकृष्णः-अधिकारी *

न भूमौ नृपतेस्तुल्यमन्यत्तत्त्वं विलोक्यते ।
तस्मादृषिगणै राजा तत्संस्थापि च कीर्त्यते ॥१॥

राजा रञ्जक एव लोक उदितो लोकस्य विस्तारयन्
धर्मान् लोकहितावहानधिकृतान् सर्वार्थसंसाधकान् ।
भूयो दुष्टजनान्नियम्य नृपतेः साधूँश्च संरक्षतो
दृष्टा यैर्ऋषिभिर्महित्वमहिमा तैर्देवतात्वं स्मृतम् ॥२॥

पञ्चश्रीलसितो ललामचरितैर्लोकेषु सम्पूजितो
वीरेन्द्रस्त्वधिवीरविक्रमगुणैः सर्वात्मना शोभितः ।
अस्माकं नयपालदेशनृपतिर्मुग्धान्नयैर्बोधयन्
सत्कुर्वंश्च बुधान् विवेकनिपुणः सूर्येन्दुवद् द्योतते ॥३॥

राजा युक्तो भवति विपुलैः सद्गुणैः सन्निविष्टः
सेन्द्रैश्चन्द्राऽनिलयमजलेशाग्निवित्तेशरूपैः ।
तैस्तैः सत्त्वैरधिगतवपुर्लोकपालेषु निष्ठैः
कार्येणापि प्रथयति गुणान् लोकपालेषु निष्ठान् ॥४॥

अष्टौ युक्ता निखिलजगतोऽदृश्यपालाः समर्थाः
सेन्द्राश्चन्द्रानिलयमजलेशाग्निवित्तेशसूर्याः ।
मध्ये पालो नरपतिरयं तद्गुणैः सम्प्रयुक्त-
स्तेषां कार्यं प्रचरति तथा येन लोकस्य मोदः ॥५॥

स्मृत्यां श्रुतावपि महद्गदितं प्रशस्तं
यल्लोकपालचरितं प्रथितप्रभावम् ।
बिभ्रच्च तन्नरपतिः सुयशाः प्रसिद्धो
लोकं प्रपूरयति सर्वविधैर्हि कामैः ॥६॥

तन्त्रं यदा तनयितुं मनुते स्वतन्त्रं
लोकस्तदा तदपि यच्छति भूमिपालः ।
प्रत्यक्षमद्य तदु तन्त्रगतं प्रमाणं
यल्लोकशासनमसौ दलसन्निविष्टम् ॥७॥

प्राप्तं प्राप्तं यदपि च नवं नूतनं प्राप्तिकाम-
स्तस्मात्पूर्वं त्यजति हि जनो भावजातं परन्तु ।
राजानं वै समुदितगुणं कामयन्त्येव नित्यं
नेपालस्थं परमपि परं हायनानां शतैश्च ॥८॥

* प्राध्यापक वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्तिं रोगं च शोकं च मनसश्चापि किल्विषम् ।
विद्राव्य शं वितनुते लोकस्य निरुपद्रवम् ॥९॥

तस्मात्तद्गुणमूर्जितान्नरपतेर्नेपालपालात्पर
कैश्चित्स्वार्थपरैर्विवेकरहितैराच्छिद्य तच्छासनम् ।
हस्तीकृत्य च स्वस्य शासनमथो कुर्वद्भिरद्याखिलं
किञ्चिद् वैकृतभावनाकलुषितं संल्लक्ष्यते मानसम् ॥१०॥

मूलं यस्य चराचरस्य जगतः स्वेष्टं प्रसिद्धं मह-
दूर्ध्वं सन्निहितं गुणैश्च गुणिभिर्ध्येयं सदा निर्मलम् ।
उत्पत्तिस्थितिनाशहेतुसततं यद्ब्रह्म तस्मादधो
जातत्वाज्जगतस्ततोऽपि गमनं सिद्धः स्वभावः किल ॥११॥

सद्गुणैर्हि विशिष्टस्य नृपतेर्विषयस्थितैः ।
अधोऽधो गमनं ह्येतत्सर्वथा नैव शोभते ।१२।

अष्टौ पृथक् ते किल लोकपाला-
स्तेषां समष्टौ भुवि लोकपालः ।
वीरेन्द्रवीरो वरविक्रमोऽस्ति
तस्मात्समुत्कर्षपरा जनाः स्युः ॥१३॥

वपुश्च दिक्पालमयं दधानो भावेन नारायणतुल्यकक्षः ।
वीरेन्द्रवीरो वरविक्रमोऽस्ति तच्छासनं वाञ्छति सर्वलोकः ॥१४॥

उदितेषु समस्तेषु विश्वस्मिन् शासनेषु च ।
परम्पराप्राप्तराजशासनं शासनं वरम् ॥१५॥

हिन्दुराष्ट्रस्य रूपं यत्तद्धर्मादुपपद्यते ।
श्रुतिस्मृतिप्रसिद्धोऽर्थो हिन्दुधर्मः सुनिश्चितः ॥१६॥

प्रचरन्ति च येऽर्थं तं हिन्दवस्ते हि कीर्तिताः ।
तमर्थमनुतिष्ठन्तो हिन्दवोऽश्नुवते श्रियम् ॥१७॥

सद्धिन्दुधर्मो नृपतिः प्रशस्तः श्रीशाहवंशोद्गतसद्गुणश्च ।
वीरेन्द्रवीरो वरविक्रमोऽयं सद्धर्मसापेक्षमिदं च राष्ट्रम् ॥१८॥

तथाविधाद्भूपतिधर्मयोगाज्जातः सुवर्णेन सुगन्धयोगः ।
अतोऽद्वितीयं भुवि हिन्दुराष्ट्रं नेपालराष्ट्रं किल सन्निविष्टम् ॥१९॥

अष्टौ पृथक् ते किल लोकपालास्तेषां समष्टौ भुवि लोकपालः ।
वीरेन्द्रवीरो वरविक्रमोऽस्ति विशेषतो मौलिपदं दधानः ॥२०॥

यः शाहवंशोद्गतभूमिपालः शान्तिं सुखं चापि ततोऽस्ति लोके ।
यो हिन्दुधर्मः सकलार्थदीपस्तस्माच्च संसिद्धिमुपैति लोकः ॥२१॥

धर्मस्य तस्मान्नृपतेश्च लोके शास्त्रेषु चैवं गदितं महत्त्वम् ।
तद्धर्मसापेक्षतयाऽस्ति दीप्तं सद्धिन्दुराष्ट्रं भुवनेषु चैकम् ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मादुत्पद्यते सर्वं धर्माद्धि व्यवतिष्ठते ।
धर्मात्प्रलीयते चापि धर्मः सर्वार्थसाधकः ॥२३॥

ब्रूते धार्मिकविज्ञानं जगदुत्पत्तिकारणम् ।
व्यवस्थितेर्लयस्यापि धर्म एव हि साधनम् ॥२४॥

उद्घोषितं विश्वमुदे गरीयो यद्धिन्दुराष्ट्रं भुवनेषु नान्यत् ।
नेपालपालेन हि दूरदर्शिना सदैव राष्ट्रस्य समृद्धये च ॥२५॥

भावेन कर्मणा वापि राज्ञो वै राज्यमुच्यते ।
न हि राज्ञा विना राज्यं प्रभवेद्राज्यकर्मणि ॥२६॥

यदेव राज्यं तद्राष्ट्रमिति जानन्ति तच्च न ।
राष्ट्रं राज्यस्याङ्गमेव राज्यं सप्ताङ्गमुच्यते ॥२७॥

स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलानि च ।
एतानि सप्त राज्यस्य भवन्त्यङ्गानि सर्वथा ॥२८॥

राष्ट्रं भूम्याः परिच्छिन्नं भागं बोधयति स्फुटम् ।
अतो देशस्य पर्यायि राष्ट्रमायातिकेवलम् ॥२९॥

तथा देशोऽपि राष्ट्रस्य पर्यायि परिनिष्ठितः ।
तच्च राज्यस्याङ्गमेव तत्र स्वामी महीपतिः ॥३०॥

तस्मात्कर्मणि भावे वा राज्ञो राज्य निगद्यते ॥
तत्र प्रकृतयः सप्त तेषा स्वामी च भूपतिः ॥३१॥

विद्वासस्ते हि विज्ञेया ये वै तत्त्वार्थदर्शिनः ।
अवगत्य च तत्त्वार्थं ये तस्य व्यवसायिनः ॥३२॥

यन्महत्त्वं स्थितं राज्ञि तन्महत्त्वं विमृश्य च ।
प्रवर्तनाविधानं हि शोभते विदुषाम्परम् ॥३३॥

तथाविधा राजसंस्था विश्वस्मिन्प्रभवेदिह ।
रामराज्यविधानार्थं शाहवंशसमृद्धये ॥३४॥

यत्र प्रमोदः शान्तिश्च नेपाले हि विलोक्यते ।
धर्मस्य चापि राज्ञश्च कारणं तत्र निश्चितम् ॥३५॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक राजतन्त्र, श्री ५ वीरेन्द्र राज्यारोहण रजतवर्ष २०५३

*- प्रा. ऋषिराम पोखरेल**

१. विषय प्रवेश

१.१ वेदले वताएको वा वेदमा भएको, वेदसँग सम्बन्ध राख्ने राजतन्त्रको आधारमा 'राजा' शब्दको अर्थ 'राजा'को उत्पत्ति, राज्यको उत्पत्ति, राज्यका अङ्ग एवं विश्वको एकमात्र हिन्दू अधिराज्य नेपालका राजपरम्परामा श्री ५ वीरेन्द्र सरकारको राज्यारोहण रजतवर्ष महोत्सवका सम्बन्धमा प्रस्तुत लघु लेखमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिनेछ।

२. राजा शब्दको अर्थ

२.१ वेदको अर्थ वुझाउन मद्दत गर्ने वेदाङ्ग निरुक्तशास्त्र हो। वेदमा प्रयुक्त राजा शब्दको अर्थ वताउँदै 'निरुक्त' मा महर्षि यास्क भन्दछन्- "राजा राजतेः" (निरुक्त २/३) अर्थात् प्रजाहरूलाई आनन्दित पानाले, सम्पन्नताले, सुकीर्तिले गर्दा सुशोभित भएको व्यक्ति वा संस्थालाई राजा भनिन्छ। शुक्ल यजुर्वेद वाजसनेयिसंहिताको ३/२३ मन्त्रले राजालाई दीप्ति (प्रकाश, शोभा) अर्थ वुझाउने राज् धातुकै अर्थमा प्रयोग भएको वताउँदछ। यजुर्वेदको सो मन्त्रको आशय हो "हिंसा वा मात्स्यन्यायलाई रोकेर सर्वसाधारण जनताको रक्षा गर्ने, सत्यको, न्यायनिसाफको प्रकाश गर्ने वा साँचो इन्साफ (नियाँ) दिने कामले गर्दा प्रजाहरूका बीचमा राजा सुशोभित छन्।"

२.२ रञ्जनको अर्थ जनता रिझाउनु भएकोले "राजा प्रकृतिरञ्जनात्" भन्ने अर्थ नै राजाको स्वभाव वा मर्यादाको बोधक हो भन्ने बुझिन्छ र राजाको अर्थ वा प्रयोजन नै जनताको शान्ति, सुरक्षा, हित समुन्नति गर्नु हो भन्ने वुझिन्छ। यही वैदिक आदर्शको सेरोफेरोमा राजतन्त्रको अर्थ बुझ्नु पर्दछ। यही पक्षलाई पुष्टि दिने कतिपय उदाहरणीय कार्य २००७ साल, २०३१ साल, २०३६ साल र २०४६ का कदमहरूले गर्दा नेपालको राजतन्त्र वैदिक-राजतन्त्रवाट धेरै अर्थमा अनुप्राणित रहँदै आएको छ भन्ने तथ्य स्पष्ट हुन्छ। लोक व्यवहारमा पनि राजाले जनताको, जनताले राजाको इज्जत गर्न, मर्यादा गर्न नसके राजतन्त्र अफाप भएको छ भने राष्ट्रहरू पराधीन पनि भएका छन्। जहाँ जुन देशमा राजाले जनता रिझाएको छ, कुनै पार्टी वा दल विशेषको पक्ष लिएर जनतामा थिचो-मिचो गरेको छैन, जहाँको जनताले "हाम्रो राजा, हाम्रो देश-प्राणभन्दा प्यारो छ।"

---

* प्राध्यापक वाल्मीकि विद्यापीठ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने गर्छन् र राजाले जनताको निम्ति गाथ र गद्दी पनि छोडी दिन्छन्, त्यो देश र त्यो राजसंस्था वैदिक राजतन्त्रको हिन्दू राष्ट्रको एउटैमात्र नमूना हो ।

३. राजाको उत्पत्ति

३.१ संसारमा आजसम्मको ऐतिहासिक अध्ययनले ऋग्वेदलाई संसारको सबैभन्दा प्राचीनतम धर्मग्रन्थ स्वीकारेको छ । ऋग्वेदका १० मण्डलमा जम्मा गरी दशहजार मन्त्र छन् । १ देखि १० मण्डलमा प्रायः प्रत्येक मण्डलमा ऋग्वेदले "राजा" शब्द प्रयोग गरेको देख्दा राजा शब्दको प्रयोग ऋग्वेदकालभन्दा पनि पुरानो समयदेखि हुँदै आएको देखिन्छ । यजुर्वेदमा पनि शताधिक ठाउँमा राजा शब्द प्रयुक्त देखिन्छ । अथर्ववेदमा राजालाई राज्याभिषेक दिइने कतिपय मन्त्र विधिविधानको समेत उल्लेख भएको छ । यजुर्वेदका नवम अध्यायको २५ सौं मन्त्रले त राजा वा राजसंस्थालाई सनातन वा अति नै प्राचीनकालदेखि चलिआएको भनेको छ- "सनेमि राजा परियाति विश्वं प्रजां पुष्टिं वर्धयानोऽस्मे" अर्थात् जनताको भरणपोषण र समुन्नतिको काम गर्दै राजसंस्था अनादिकालदेखि चल्दै आएको छ । निरुक्त शास्त्रअनुसार "सनेमि" शब्द पुरातन, (सनातन, अनादि) भन्ने अर्थ बुझाउने देखिएको छ । ऋग्वेदमा राजा अनेकौं स्थलमा अनेक दृष्टिले प्रशंसित छन् ।

३.२ "हे राजा तिमीले सत्यको पहिचान गरी असत्यलाई दण्ड दिँदै हाम्रो रक्षा गर" जस्ता ऋग्वेदका- १०।१२४।५, १०।१०९।६, १।१७३।३ आदि प्रसंगले राजाको उत्पत्ति वा प्रयोग धेरै अगाडिदेखि भएको तथ्य स्पष्ट हुन्छ भने राजतन्त्र नै विश्वको पहिलो र श्रेष्ठ शासन व्यवस्था हो भन्ने कुरा पनि ऋग्वेद लगायत सबै वेदको परिशीलनबाट बुझिन आउँदछ । जनताहरूले मात्स्यन्याय वा "जसको लाठी उसैको भैंसी" भन्ने कुरा देखि डराएर सत्यको, न्यायको पक्ष लिने राजाको वरण गरे भन्ने ऋग्वेद- १।१२४।८ को भनाईले राजाको उत्पत्ति जनताको निम्ति धर्तीमा न्याय निसाफ र शान्ति सुव्यवस्थाको निम्ति नै भएको तथ्य पनि प्रकट हुन्छ । ऋग्वेदको प्रथम मण्डलको त्रिहत्तरौं सूक्तको तेस्रो मन्त्रले ४ वटा सामाजिक उपमा दिएर राजसंस्थाको काम कर्तव्यको चर्चा गरेको छ । त्यस मन्त्रमा देवता झैं अपक्षपाती, धर्ती झैं सबैको धारक, मित्र झैं हितकर्ता, निसाफ खोज्न सामु पर्ने र मद्दत माग्नेहरूका हितकर्ता पति-पत्नी झैं प्रजा र राजा परस्पर हितकारी छन् भनिएको देख्दा वैदिक राजतन्त्रको उच्चता पनि राम्ररी प्रकाशित भएको पाइन्छ ।

३.३ ऋग्वेदकै १ मण्डल ३२ सूक्तको पन्ध्रौं मन्त्रमा राजा त्यही हो जो जनताको नर्जाक छ भनिएको छ भने ४।१।२ मन्त्रले राजा भनेको जनताको रक्षक भनेर स्पष्टै उल्लेख गरिएको पनि पाइन्छ । अथर्ववेदको तेह्रौं काण्डको पहिलो सूक्तको बीसौं मन्त्रले "हे राजन् हामीलाई सबैथरी अपराधले पिरोले (थिचो मिचो गरे), कृपया तपाईंले सत्ता समालेर सत्यको, न्यायको, अनुशासन र मर्यादाको राज गराई यस राष्ट्रलाई समृद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार्नुहोस्" भनेर सामाजिक सम्झौतावादी सिद्धान्तबाट राजा र राज्यको उत्पत्ति भएको संकेत समेत गरेको छ। यसले आधुनिक राजनीतिशास्त्रीहरूले सामाजिक सम्झौतावादी सिद्धान्त वैदिकराजतन्त्रको इतिहासबाटै सिकेको रहेछ भन्ने कुराको पनि पुष्टि दिएको छ। ऋग्वेदमा पाइने राष्ट्रपति शब्दले वैदिक राज्यव्यवस्थामा राजालाई राष्ट्रपति र राष्ट्रपिता दुवैको रूपमा लिइन्थ्यो भन्ने पनि देखिन्छ र विश्वमा राष्ट्रपति शब्दको सर्वप्रथम प्रयोग समेत ऋग्वेदमा नै भेटिन्छ। मनुस्मृति, याज्ञवल्क्यस्मृति, शुक्रनीति, महाभारत आदिले राजामा अष्ट दिक्पालको अंश छ र आवश्यकतानुसार राजाले त्यो रूपले काम पनि गर्छन् भन्ने कुरा पनि वाजसनेयिसंहिता (१०।२८ यजुर्वेद) ले उल्लेख गरेको छ।

३.४ वेदका मन्त्र र ब्राह्मण दुई भाग छन्। ती मध्ये मन्त्र भागको आधारमा केही चर्चा भयो। ब्राह्मण भागमा राजा, राजतन्त्र र राज्य बारे पाइने चर्चाको क्रममा राजाको उत्पत्ति सम्बन्धमा शतपथ ब्रा. ५।१।५।१४ मा भनिएको छ "राजन्यकुमार (राजकुमार, क्षत्रीय राजपुत्र) ले प्रजाहरूको पनि ईश्वर (मालिक, स्वामी, भरण-पोषणकर्ता, अभिभावक) का रूपमा ईश्वरकै अंश लिएर जो प्रत्यक्ष शरीरधारी चेतना बनेको छ त्यो "राजा" हो। ईश्वरीय शक्ति समेत भएकोले नै एक्लो राजाले आफ्ना सम्पूर्ण प्रजाको हित-समुन्नतिको, शान्ति-सुरक्षाको, भरण-पोषणको हरेक काम सम्पन्न गर्ने सामर्थ्य राख्दछन्।" राजसूय यज्ञ गरेर राजाको अभिषेक दिंदै शतपथ ब्रा. ५।२।२।१५ मा राजाको संरक्षण गर्ने शक्ति जनतालाई र जनताको संरक्षण दिने शक्ति राजालाई एक आपसमा आत्मसात् गरी परस्पर संरक्षण दिन देवताको प्रार्थना गरिएको देखिन्छ।

३.५ धर्मशास्त्र, राजशास्त्र आदि हिन्दू धर्मग्रन्थहरूले राजालाई आठ दिक्पालहरूको अंशावतार मानेको देखिन्छ भने त्यसको समर्थन वैदिक स्रोत ग्रन्थ शतपथ ब्राह्मणको १४।१।२।२३ को "यान्येतानि देवत्रा (णि) क्षत्राणीन्द्रो वरुणः सोमो रुद्रः पर्जन्यो यमो मृत्युरीशानः। तस्मात् क्षत्रात्परं नास्तीति" ले स्पष्टसँग गरेको छ। जे जति दिक्पाल छन् ती पूर्वमा इन्द्र, आग्नेयमा अग्नि, दक्षिणमा यम, नैऋत्यमा मृत्यु (निर्ऋति), पश्चिममा वरुण, वायव्यमा वायु, उत्तरमा सोम (कुबेर), ईशानमा रुद्र (ईशान) र माथितिर ऊर्ध्व दिशामा ब्रह्मा, तल (अधोदिक्) तिर अनन्त गरी दश दिशाका राजा (पालनकर्ता) हुन् भनिएको छ। तिनीहरू झैं राजाले पनि आवश्यकता अनुसार ती दिक्पालका गुण आफ्नो शासन व्यवस्थामा देखाउँदछन्। अतः क्षत्रीय राजाभन्दा उपल्लो यो भूमण्डलमा अर्को छैन र राजतन्त्र जस्तो सार्वजनीन, निर्विवाद र निष्पक्ष ईश्वरीयता (देवता) को अंश धारण गर्ने राजसंस्थाभन्दा विश्वमा अर्को कुनै पनि श्रेष्ठ संस्था हुनै सक्दैन र छैन भनी वेदले ठोकुवा गरिदिएको छ।

३.६ संम्भवतः आज सम्मको राजतन्त्रको इतिहासमा कुनै पक्षपाती पार्टी वा दल विशेषको पक्षधर भएर शासन गर्न सफल राजाको नाम निशान पनि भेटिंदैन। जति राजा भए ती कुनै पक्ष र पूर्वाग्रहभन्दा पर, निष्पक्ष, साझा, निर्विवाद, र सार्वजनीन भएर नै सफल बने, बाँकी अरूले आफ्नो अस्तित्व नै बचाउन सकेनन्। यसकारण हाम्रो वैदिक राजसंस्था र राजतन्त्रको उच्चतर आदर्शलाई पूर्णरूपमा आत्मसात् गर्ने शाहवंशीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूको पंक्तिमा श्री ५ पृथ्वी नारायण शाह, श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रको स्थान सर्वोपरि रहेको छ। टुक्रिएर, छरिएर एकएक गरी पराधीन बनेर नष्ट भ्रष्ट हुनै लागेको देशलाई शान्त, अक्षुण्ण र एकीकृत गरी अनेक जात वर्णको एउटा साझा फूलवारी बनाउने मालीको रूपमा श्री ५ पृथ्वी, जहाँनीया एकतन्त्री शासनको क्रूरताबाट जनतालाई मुक्ति दिन गाथ र गादी दुवैको बाजी थापेर सफल भएका श्री ५ त्रिभुवन र जनताको मत बुझेर विश्वको परिस्थिति हेरेर श्री ५ महेन्द्रका पालादेखि जन्मेको राजतन्त्र र जनताकाबीचको जालो हटाई जनतालाई प्रत्यक्ष शासन, संसदीय प्रजातन्त्र दिएर स्वयं वैधानिकतामा आवद्ध हुने श्रेय वर्तमान राष्ट्रनायक श्री ५ वीरेन्द्रलाई मात्र प्राप्त छ र इतिहास चाहन्छ भने त्यो कुरो दिगो होस्।

४. राज्यको उत्पत्ति

४.१ अथर्ववेदको ३।४।२ अनुसार राज्य शब्द राजाकै आधारमा उत्पन्न भएको छ। "त्वां विशो वृणतां राज्याय" अर्थात् हे राजन् एउटा सभ्य, सम्पन्न र सुशासित समाज बस्ने ठाउँ (राज्य) बनाउन तपाईंलाई जनताले रोजून् भन्नुको अर्थ हो राजा भै दिए राजाको सुशासनमा सभ्य र सम्पन्न समाजले एउटा आदर्श राज्यको रूप लिने थियो। सुन्दर राज्यको उदय (उत्पत्ति) हुने थियो भन्ने आशय अथर्ववेदको देखिन्छ। वैदिक राजतन्त्र र राज्य व्यवस्था, अर्थतन्त्र र समाज व्यवस्था आदि बारे गम्भीर दृष्टि दिने आचार्य कौटल्य भन्दछन् राजा नै राज्यको शुरुआत हो- "राजा राज्यम् इति प्रकृति संक्षेप: । कौ. अर्थशास्त्र ८।२।१ (प्रकरण) १२८।१।" वेदको आशयमा थप खास कुरो नथपे पनि वेदको धारणालाई व्यवस्थित वा स्पष्ट पार्ने काम कौटल्यले गरेको देखिन्छ। यद्यपि राज्य शब्दले ओगटेको अर्थले आज राजा नभएका वा राजतन्त्र भन्दा फरक व्यवस्था भएका देशलाई पनि बुझाउँदछ तापनि वैदिक राज्य व्यवस्थामा राजाको अस्तित्व र भूमिका नभएको देशलाई वर्ग संघर्ष र अल्पमतलाई बहुमतले शक्तिको आडमा एक अर्कालाई दवाउने, शासन गर्ने, भूखण्ड (जनपद) को रूपमा मात्र स्वीकारेको देखिन्छ। धर्मशास्त्रमा "अराजके जनपदे" भन्ने धेरै ठाउँमा उल्लेख भएको पाइन्छ र रामायण, महाभारत र पुराणहरूले पनि यो कुराको पुष्टि दिएका छन्।

४.२ राजा शब्द संस्कृत भाषाको तत्सम शब्द हो। राजा शब्दबाट राज्य शब्दको उत्पत्ति वा निष्पत्ति, विकास-निर्माण भएको छ। राज्ञो भाव: कर्म वा राज्यम् अर्थात् राजाको अस्तित्व र कर्मको सत्ता (हुनु) नै राज्यको शाब्दिक अर्थ हो। यसरी हेर्दा राज्यको मूल राजा, राजाको मूल वैदिक साहित्य एवं संस्कृति नै देखिन्छ। राजाको अर्थ श्रेष्ठ वा उत्तम अर्थमा लोकको प्रयोग गरेको पनि योगरूढ अर्थ नै हो। यस अर्थमा ठूलो वा श्रेष्ठता भन्ने राजाको अर्थ हुन्छ। मान्छेको राजा, अन्नको राजा, ग्रहको राजा, फलको राजा, रुखको राजा, धनीको राजा, तपस्वीको राजा जस्ता शब्द पनि यही योगरुढ अर्थमा प्रयुक्त छन्। यसैले राजाको अस्तित्व भएको, अनुशासन र मर्यादामा रहेको देश विशेष नै राज्य भन्ने बुझिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. राज्यका अंग

५.१ वेदमा बताइएको राज्य व्यवस्थाअन्तर्गत राजतन्त्रात्मक वा अन्य जुनसुकै शासन प्रणालीमा पनि राज्यका सात अंग मानिन्छन्। ऋग्वेदमा सविता (सूर्य) लाई राष्ट्रपति (राजा, राष्ट्रको स्वामी, पालनकर्ता) मानेर सूर्यको सात रंगसँग राष्ट्रका सप्तांगको तुलना गरिएको छ (ऋग्वेद ८।३९।८ तथा शतपथब्रा. ११।४।३।१४)। अश्वमेघ यज्ञको घोडालाई जनताको स्वेच्छाचार, मनपरी तन्त्रसँग तुलना गर्दै सूर्यको सात रंगलाई किरणले समेटे झैं नीति, निसाफ, संविधान, ऐन कानून र मर्यादाका लगामद्वारा जनतालाई सन्मार्गमा नेतृत्व दिएर अगाडि बढाएको प्रसंग धेरै मननीय छ। मनु, याज्ञवल्क्य, व्यास, शुक्र, कौटल्य आदि समाजशास्त्र, राजशास्त्र, धर्मशास्त्र, नीतिशास्त्र आदिका निर्माताहरूले व्याख्याताहरूले राज्यको स्वरूप सप्तांगात्मक बताउँदै राजालाई सप्तांगको श्रेष्ठ बताएका छन्। वेदमा बताएको राजाको चरित्र पनि यही सप्तांगहरूमध्ये श्रेष्ठ व्यक्तित्वको बोधक छ। गीताले "नराणाञ्च नराधिपम्" "राजालाई ईश्वरावतार जान" भनेर "विशि राजा प्रतिष्ठित:" भन्ने वेदको आशयलाई स्पष्ट पारेको छ।

५.२ आचार्य शुक्राचार्यले राज्यका सात अंगको नाम र मर्यादाक्रम बताउँदै भनेका छन्- राज्यका सप्तांग छन् र तिनमा राजा श्रेष्ठ हो।

"स्वाम्यमात्यसुहृत्कोषो राष्ट्रदुर्गबलानि च।
सप्तांगमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः॥ (शुक्रनीति १।६२)

यसरी नै शुक्राचार्यले राज्यरूपी वृक्षको मूल राजा, स्कन्ध (कांध) मन्त्री आदि मानेर कामको प्रसंग (महत्त्व वा प्रकृति अनुसारको कुरा) मा तत् तत् अंगको प्रधानता स्वीकारेका छन्। माथिका चर्चाक्रममा "एक: सन् बहूनामिष्टे" भनेर शतपथश्रुति (वेद) ले बताएको राजाको श्रेष्ठता र राजतन्त्रको गरिमालाई पनि सप्तांगमा राजाको श्रेष्ठताले पुष्टि दिएको छ। राजाको श्रेष्ठता मानेर बाँकी ६ अंगको श्रेष्ठतामा कौटल्यले केही फरक मत राखेका छन्। उनले कोषलाई, बृहस्पतिले बललाई र शुक्रले दण्डलाई प्राथमिकता दिएको पनि देखिन्छ। वस्तुत: काम अनुसार नै मर्यादा कायम हुनु वेश छ।

६. राज्यारोहण, राज्याभिषेक एवं रजत वर्ष महोत्सव

६.१ वैदिकशासनपद्धतिमा राजाको देहावसान वा पदत्याग वा अवच्युति (राज्यबाट राजगद्दीबाट हटाइनु) पछि दोस्रो राजगुणोचित सुयोग्य राजकुमारको राज्यारोहण (गद्दीआरोहण) गराएर राज्य आतंक हुन नदिने परम्परा छ। "अराजके जनपदे मात्स्यन्याय: प्रवर्तते" अर्थात् राजा नभएको वा राजगद्दी रिक्त रहेको मौका पारेर देशमा मत्स्य न्यायको अर्थात् अराजकताको स्थिति आउँदछ। अत: राजाको सुशासन हुनु नै राज्यको मर्यादा व्यवस्था वा शोभा हो भन्ने कुरामा रामायण, महाभारत र पुराणहरूको ऐक्यमत्य रहेको छ। कतिपय प्रतिकूल परिस्थितिले गर्दा औपचारिक रूपले राज्याभिषेक नगरिकनै नियमानुसार सुयोग्य उत्तराधिकारीले राजगद्दी आरोहण गरेर राजकाज संभालेपछि अनुकूल काल परिस्थितिमा राज्याभिषेक विधिले राजालाई वैदिक प्रतिज्ञा गराई राजतिलक दिने वैदिक परम्परा छ। यसै मान्यताअनुसार श्री ५ वीरेन्द्र सरकारबाट २०२८ साल माघ १७ गते राजगद्दी आरोहण गरिबक्सेको २५ वर्ष पुगेको उपलक्ष्यमा सालभर नै विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचनात्मक कार्यक्रमहरूका साथ "श्री ५ वीरेन्द्र सरकारको राज्यारोहण रजत वर्ष महोत्सव २०५३" मनाइएको हो ।

६.२ कतिपय पश्चिमी इतिहासकार, पुरातत्त्व विद् र सांस्कृतिक क्षेत्रका अनुसन्धाताहरूले वैदिककालमा राज्याभिषेकको चर्चा नै थिएन पनि भनेका छन्। तर ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका कतिपय मन्त्र र ब्राह्मण भागले नै राज्याभिषेकको चर्चा गरेको र राजसूय यज्ञ गरेर राज्याभिषेक दिने कुराको परम्परा प्राग् वैदिककालदेखि नै चलेको देखिएकोले पश्चिमी विद्वान्हरूको मत कपोलकल्पित नै सिद्ध भएको छ। वेद पढ्ने गुरुपरम्परा नभएका र मूलग्रन्थ नपढेकाहरूले गरेका अनुवाद र व्याख्या कै भर परेका पूर्वाग्रही पश्चिमी विचारकले वेद बुझेर त्यसो भनेका थिएनन् भन्ने कुरा पनि विद्वान्हरूले बुझिसकेका छन्। जेहोस् प्रकृत प्रसंगमा राज्यारोहण पछि राज्याभिषेकद्वारा राजतिलक दिने हाम्रो परम्परा वैदिककालदेखि चलिआएको हो र यही परम्पराले गर्दा हाम्रो देशलाई "विश्वको एक स्वतन्त्र हिन्दू राष्ट्र र हाम्रो राजालाई विश्वको एकमात्र हिन्दू सम्राट्" को रूपमा विश्व रंगमञ्चले जाने-चिनेको छ ।

६.३ श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको राज्यारोहण रजत महोत्सवका सन्दर्भमा २०५३ सालभर भए गरेका अनेकौं कार्यक्रम र त्यसमा स्वयं श्री ५ वीरेन्द्र सरकार, राजपरिवार, मन्त्रिपरिषद्, संसद् र देशका संघ, संस्था, सामाजिक कार्यकर्ता लगायत सिंगै राष्ट्रले देखाएको महत्वपूर्ण उत्साह, श्रद्धा र आस्थाले यस देशमा राजा र जनताको राजसंस्था प्रतिको परस्पर सहयोग र विश्वासको दीयोमा अरु तेल थपेको छ। कतिपय अत्यन्त महत्त्वपूर्ण विकास कार्यक्रमको थालनी भएको छ जसले यथार्थमा यस देशको समुन्नतिमा ठूलो भूमिका खेल्नेछ र इतिहासले यस समारोहको महत्त्वलाई सुवर्णाक्षरले अंकित गर्नेछ ।

७. उपसंहार

यसप्रकार वैदिक राजतन्त्र, राज्य, राज्यांग, राजगद्दी आरोहण, रजत वर्ष महोत्सवका चर्चाबाट हाम्रो देशमा राजा र जनताका बीचको सुमधुर सम्बन्ध र राजसंस्थाको आडमा सबै जात, वर्ण, धर्म-सम्प्रदाय, संस्कृति, भाषा र परम्पराहरू स्वतन्त्ररूपमा चल्दै आएका छन्। कसैले कसैमा थिचोमिचो गर्न सकेका छैनन् र कसैकसैले कुनै बेला गरेको अपवाद भेटिए पनि अबको प्रजातान्त्रिक संसदीय व्यवस्था, बहुदल र संवैधानिक राजतन्त्रको वातावरणमा त्यसप्रकारको अतिक्रमण हुन पाउने छैन । अनि यो राष्ट्रमा अनेकतामा एकता, बहुदलमा पनि साझा आस्थाकेन्द्र राजसंस्थाको भूमिका सधैं जीवन्त रहने छ भन्ने विश्वास गर्दै राजदम्पतिको सुस्वास्थ्य र चिरायुष्यको कामनासहित प्रस्तुत प्रसंगको उपसंहार गर्दछु ।

"शिवमस्तु"

(साभार वैजनाथक्षेत्र वर्ष ५ अंक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणमा राजा र हाम्रा राजा

- डा. दुर्गाप्रसाद उपाध्याय दवाडी[*]

वागीशाद्यास्सुमनसस्सर्वार्थानामुपक्रमे ।

य नत्वा कृतकृत्यास्स्युस्त नमामो गजाननम् ॥

पुराणले वेदार्थको व्याख्या गरेको छ, पुराणमा वेदअविरोधी अर्थको प्रतिपादन गरिएको छ, यो कुरो मानेर यस विषयमा विचार गर्नु उचित हुनेछ ।

किनभने

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ।

बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥

इतिहास र पुराणद्वारा नै वेदको समुपबृंहण (व्याख्या, विचार, वेदार्थविचार) गर्नुपर्छ, यत: अल्पश्रुत (इतिहासपुराणको अध्ययन नै नगरी वेदार्थको व्याख्या गर्न उद्यत) जनदेखि वेद यसले ममाथि प्रहार गर्नेछ भनेर डराउँछ । वेदमा राजा र राष्ट्रको सम्बन्धमा प्रशस्त उल्लेख छ । ऋग्वेदमा एक स्थानमा वरुणलाई राष्ट्रहरूका राजा (ईश्वर) नदीहरूको पेश अर्थात् रूप बनाउने र ती वरुणको बल अनुत्तम र अन्यद्वारा अबाधित र विश्वायु अर्थात् सर्वतोगामी बताइएको छ ।[1] अन्य स्थानमा "वरुण राजाले सूर्यको लागि क्रमैले उदय र अस्तको निमित्त उत्तरायण र दक्षिणायनरूप मार्ग बनाए र अपद अर्थात् पादरहित (पाउ राख्ने ठाउँ नभएको) अन्तरिक्षमा पाद (पाउ) राख्न मार्ग बनाए" भनिएको छ ।[2] अर्को ठाउँमा वज्रबाहु इन्द्रलाई स्थावर र जङ्गम, शृङ्गरहित हुनाले शान्त घोडा गदहा आदि र श्रृङ्ग भएकोले उग्र महिष साँढे आदिको र मनुष्यहरूको पनि राजा भएर बसेको बताइएको छ ।[3] यसै गरी यजुर्वेदमा पनि सोमलाई ब्राह्मणहरूका राजा बताइएको छ ।[4] सोम अर्थात्

---

[*] प्राध्यापक, वाल्मीकिविद्यापीठ

[1] राजा राष्ट्रानां पेशो नदीनामनुत्तमस्मै क्षत्रं विश्वायु । (ऋग्वेद ७।३४।११)

[2] उरुं हि राजा वरुणश्चकार सूर्याय पन्था मन्वे तवा उ ।
अपदे पादा प्रतिधातवे,करुता पवक्ता हृदयाविधश्चित् ॥ (ऋग्वेद १।२४।८)

[3] इन्द्रो यातोऽव सितस्य राजा शमस्य च शृङ्गिणो वज्रवाहु:।
संदु राजा क्षयति चर्पणीनामरान्न नेमि: परि ता वभूव ॥ (ऋग्वेद १।३२।१५)
वज्रवाहुरिन्द्र: यात: गच्छत: जङ्गमस्य अवसितस्य एकत्रैव स्थितस्य स्थावरस्य शमस्य शान्तस्य शृङ्गरहितत्वेन प्रहरणावप्रवृत्ताश्वगर्दभादे: शृङ्गिण: शृङ्गोपेतस्य महिषवलीवर्दादेश्च राजा अभूत् । संदु स एवेन्द्र: चर्पणीनां मनुष्याणां राजा भूत्वा क्षयति निवसति । ता तानि पूर्वोक्तानि जङ्गमादीनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमालाई संस्कृतकोषकारहरूले द्विजराज[५] भन्नु वेदको उक्त कथन देखेर नै होला । यसै गरी वेदमा राष्ट्रको प्रशस्त उल्लेख पाइन्छ । एक स्थानमा क्षत्रिय राजाको राष्ट्रको उल्लेख छ -

मम द्विता राष्ट्रं क्षत्रियस्य विश्वायोर्विश्वे अमृतस्य यथा नः ।

क्रतुं सचन्ते वरुणस्य देवा राजामि कृष्टेरुपमस्य वव्रे : ॥ (ऋग्वेद ४।४२।१)

क्षत्रिय जातिमा उत्पन्न सबै मनुष्यहरूको अधीश मेरा द्वित्व (पृथ्वी र स्वर्गभेदले दुइ) भएको राष्ट्र हो । जसरी सम्पूर्ण देवता मेरा हुन्छन्, त्यस्तै राष्ट्र र प्रजा पनि मेरा हुन्छन् । वरुण र मनुष्यको समीपतर भएको मेरो कर्म सबै देवताहरूले सेवन गर्छन्, म राजा हुन्छु[६], यस वैदिक कथनद्वारा राजा क्षत्रियजात्युत्पन्न हुँदो रहेछ भन्ने कुरा बुझिन्छ । ऋग्वेदमा एक अन्य स्थानमा क्षत्रिय राजाको उल्लेख पाइन्छ -

हस्तेनैव ग्राह्य आधिरस्या ब्रह्मजायेयमिति चेदवोचन् ।

न दूताय प्रह्ये तस्थ एषा तथा राष्ट्रं गुपितम् क्षत्रियस्य ॥ (ऋग्वेद १०।१०९।३)

देवाः बृहस्पतिमूचुः । हे बृहस्पते अस्मा आधिः शरीरम् हस्तेनैव ग्राह्या ग्रहीतव्यमेव । पुनस्ते देवा इदानीमियम् ब्रह्मजाया इति एव अवोचन् । एषा ब्रह्मजाया पुरा प्रह्ये प्रहिताय भार्यान्वेषणे प्रेषिताय दूताय तथा न तस्थे स्वात्मानं न प्रकाशयति तत्र दृष्टान्तः- यथा क्षत्रियस्य राज्ञः गुपितं रक्षितं राष्ट्रं राज्यं शत्रवे न यथा प्रकाशयति तद्वदसौ दौर्भाग्ययुक्ततया स्वात्मानं न प्रकाशितवती (ऋग्वेद १०।१०९।३ सायणभाष्य)

अर्थात् (ताराको सम्बन्धमा) देवताहरूले बृहस्पतिसँग भने - हे बृहस्पति ? यस (तारा) शरीरलाई हातले नै ग्रहण गर्छ । फेरि पनि ती देवताहरूले भने- यस बेला यी ब्रह्मजाया (ब्राह्मणभार्या) नै हुन्, यी ब्राह्मणभार्याले पहिला भार्याको अन्वेषणको निमित्त पठाइएको दूतसँग आफूलाई त्यसै गरी प्रकाशित गरिनन्, जस्तै क्षत्रिय राजाद्वारा रक्षित राष्ट्र (राज्य) शत्रुलाई प्रकाशित गर्दैन । यिनले दौर्भाग्ययुक्त भएकीले आफूलाई प्रकाशित गरिनन् । यसमा दृष्टान्तवाक्यले राष्ट्र या राज्य क्षत्रिय राजाद्वारा रक्षित हुँदो रहेछ भन्ने कुरा ज्ञात हुन्छ । यसै गरी शुक्लयजुःसंहिता नवमाध्यायमा वाजपेय र राजसूय यज्ञसम्बन्धी कर्म बताइएको छ । त्यस राजसूय यज्ञमा क्षत्रियजात्युत्पन्न राजाको नै

सर्वाणि परिवभूव व्याप्तवान् तत्र दृष्टान्तः अरान् न नेमिः अरान् नाभौ कीलितान् काष्ठविशेषान् व्याप्नोति तद्वत् (सायणभाष्य)

४ सोमोऽस्माकम् ब्राह्मणानाम् राजा (यजुर्वेदसंहिता ९।४०)

५ द्विजराजः शशधरो नक्षत्रेशः क्षपाकरः । (अमरकोष, दिग्वर्ग १५)

६ क्षत्रियस्य क्षत्रियजात्युत्पन्नस्य विश्वायोः कृत्स्नमनुष्याधीशस्य मम द्विता क्षितिस्वर्गभेदेन द्वित्वापन्नम् राष्ट्रम् । विश्वे सर्वे अमृताः देवाः यया नः अस्माकं भवन्ति तथा राष्ट्रं प्रजाश्चेत्यर्थः । वरुणस्य वारकस्य वरुणात्मनो वा कृष्टेः मनुष्यस्य उपमस्य सर्वेषामान्तिकतमस्य वव्रेः रूपवतः मम क्रतुं कर्म सचन्ते सेवन्ते देवाः सर्वेऽपि । अहञ्च राजामि सर्वेश्वरः (राजा) भवामि । (सायणभाष्य ४।४२।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकार हुन्छ भन्ने कुरा मीमांसाले बताएको छ। त्यसै संहिताको दशमाध्यायमा राजसूयको शेष चरकसौत्रामणीको प्रसङ्गमा भनिएको छ-

वृष्ण ऊर्मिरसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा वृष्ण ऊर्मिरसि राष्ट्रममुष्मै देहि वृषसेनोऽसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा वृषसेनोऽसि राष्ट्रदा राष्ट्रममुष्मै देहि।

(शु.य.मा.सं. ९।२)

